# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल एक बहुजाति, बहुभाषिक, बहुधार्मिक एवम् जनजाति भएको मुलुक हो । भौगोलिक जटिलता एवम् प्राकृतिक विविधताले पूर्ण यो देश क्षेत्रफलको हिसाबले सानो र आर्थिक रूपले पिछडिएको भएता पनि कला संस्कृति, भेषभुषा र धर्मले धनी मानिएको छ । नेपालमा हिमाल, पहाड र तराईमा हावापानी बेग्ला बेग्लै हुने हुँदा यहाँ बसोबास गर्ने मानिसहरूले पनि वातावरण अनुकुल आ-आफ्नो संस्कृति रहन सहन र विभिन्न खानपानको तरिकाहरू अबलम्बन गरेका छन् । विभिन्न जातजातिले आ-आफ्नो स्थानमा रहेर काम गरी नेपाली समाजमा प्रकार्यात्मक एकता कायम भएको छ । यति भएता पनि जातिय आधारमा भेदभाव एवम् छुवाछुत अझै कायम रहेको छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजाति मध्ये दलितहरू पनि एक हुन र त्यस मध्येमा पनि सार्की जाति झन पछाडि परेको देखिन्छ । नेपालमा दलितहरूको बारेमा दलित समुदाय र गैर दलित समुदायले बेला बेलामा दलित शब्दलाई विभिन्न तरिकाहरूबाट परिभाषित गरेको पाइन्छ । यसको साथ साथै दलित शब्दले नै विभिन्न समयमा विभिन्न अर्थले विभिन्न बाटोहरू बनाएको पाइन्छ । यो एक यस्तो समुदाय हो, जुन समुदाय आर्थिक सामाजिक, सांस्कृतिक र धार्मिक रूपले पिडीत हुन्छन् । दलित शब्दको अर्थको रूप चाही दबिएर बस्नु हुन्छ । त्यसैले समाजमा अन्य जाति भन्दा दबिएर बसेको समुदाय नै दलित हो । दलित भनेको पानी नचल्ने तल्लो स्तरको समुदाय हो । जे होस् हिन्दु वर्ण व्यवस्थामा आधारित नेपालको जातिय व्यवस्थामा शुद्र समुह भित्र पर्ने अछुत पानी नचल्ने जातहरू नै दलित जातिहरू हुन् । दबिएका थिचिएका दलित वर्ग अन्य जाति भन्दा पछि परेको असमान रूपले शोषणमा परेको अन्य जाति सरह अधिकारबाट वञ्चित सामाजिक रूपले पछाडि परेको समाजका सामाजिक कार्यका भेदभाव सहन बाध्य समुदाय नै दलित समुदाय हुन् । विश्वमा बिभिन्न मानव प्रजाति आर्य, मंगोल आष्ट्रेली र द्रविड परिवारका जातजातिहरू नेपालमा बसोबास गर्दै आएको पाइन्छ । वि.सं. २०६८ को जनगणना अनुसार नेपालको जनसंख्या २,६४,९४,५०४ मध्ये पुरुष १,२८,४९,०४१ र महिला १,३६,४५,४६३ रहेका छन् ।

बि.सं २०६८ को जनगणनाले नेपालमा १२६ जातजाति रहेको जनाएको छ । जहाँ क्षेत्री सबैभन्दाबढि  भएको जाति (१६.६%), त्यसैगरी ब्राम्हण (१२.२%), मगर (७.१%) थारु (६.६%), तामाङ (५.८%), नेवार (५.०%), कामी (४.८%), मुसलमान (४.४%) यादव (४.०%), राई (२.३%) र सार्की (१.४१%) रहेको छ– के.त.बि २०६८) ।

नेपालको जातिय व्यवस्थामा छुवाछुतको अवधारणा लिच्छवि कालदेखि नै शुरु भएको मानिएता पनि यसको वैधानिकता एघारौं शताब्दी पछि मात्र भएको हो । एघारौं शताब्दी तिर भारतमा फष्टाएको हिन्दु जातिय व्यवस्थालाई अंगालेको भारतीयहरू मुस्लिम आक्रमण पछि नेपाल भागेका राजपूतहरू भारतबाट नेपालको तराइ, पहाड हुदै बाग्मती उपत्यकामा छुवाछुत प्रथा, जातपात संस्कृतिको अवधारणा र जात अनुसारको काम विभाजनको अवधारणा लिच्छवि कालमा नै भएको थियो । जातिय व्यवस्थालाई वैधानिकता प्रदान गर्नेमा जयस्थिति मल्लको नाम पहिले आउछ । उनले मनुस्मृति ग्रन्थमा आधारित रहेर नेपाली समाजलाई पून संगठित बनाएका थिए ।

नेपालमा बसोबास गर्ने सार्कीहरूको जनसंख्या पुरुष १,७२,४३८ र महिला २,०२,३७८ गरी जम्मा ३,७४,८१६ रहेको देखिन्छ -केनद्रिय तथ्याङ्क बिभाग २०६८) । त्यस्तै जातिगत आधारमा जनसंख्याको हिसाबले यो जाति अली पछाडी रहेको देखिन्छ । आर्य संस्कृति अर्न्तगत पर्ने जातजातिलाई संक्षिप्त शब्दमा ‘वा क्ष का द शा’ (बाहुन, क्षेत्री, कामी, दमाई, सार्की) भनिन्छ । समुदायमा यिनिहरूको स्थान अछुत, तल्लो वर्गको रूपमा राखिएको छ किनकी यिनीहरू फोहोर सम्बन्धि काम गर्छन् जस्तो मरेको जनावरको मासुखानु तथा तिनका छाला निकाली जुत्ता बनाउनु (Caplan, 1972) ।

राम शाहले (ई १६०६-३६) जातिय व्यवस्थालाई समय अनुकुल हुने गरि ४ वर्ण छत्तिस जातमा वर्गिकरण गरि जातजात र छुवाछुत प्रथालाई सामाजिक नियम कानुनको रूपमा लागु गराए । पृथ्वीनारायण शाहले नेपाल एकीकरण संगसंगै छुवाछुतमा आधारित एक हिन्दु राज्यको अवधारणा विकास गरे । राजा सुरेन्द्रविक्रम शाहको पालमा जंगबहादुर राणाद्वारा लिखित पुरानो मुलुकी ऐन १९१० लागु गरे पछि नेपालमा र जातिका जातिय वर्गिकरण गरिएको पाइन्छ । जुन वर्ण व्यवस्था निम्न प्रकारको छ ।

१. तागाधारी जनै लगाउनेः उपाध्याय बाहुन, बाहुन ठकुरी क्षेत्री, राजोपाध्याय (देवभाजू) नेवारहरू, इन्डियन ब्राम्हण, जैशी ब्राम्हण, उच्च श्रेष्ठ समुह र जोशी नेवार ।

२. मतवाली (जाँड रक्सी सेवन गर्ने) :

क) नमासिने मतवाली : तिब्बतीयन तामाङ, थारु र केही पहाडी जनजातिहरू ।

३. पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने ।

खड्की, कपाली, रजक, चर्मकार, मुस्लिम, कुलु, मधेसी, तेली र पश्चिमीहरू ।

४. पानी नचल्ने छोइछिटो हाल्नु पर्ने : कामी, सुनार, सार्की दमाई, वादी, गन्दर्व, च्यामे पोडे ।

वि. सं. १९१० को मुलुकी ऐनले जातिय प्रथालाई कानुन बनाई सबै नेपाली समाजलाई चार तहमा बाडी तत् अनुसार कार्य विभाजन गरियो । जस अनुसार बाहुनको काम पूजापाठ गर्नु, क्षेत्रीको काम राज्य संचालन गर्नु, वैश्यको काम व्यापार तथा कृषि गर्नु र शुद्रको काम आफू भन्दा माथिका अन्य सबै जातको सेवा गर्नु रह्यो । मुलुकी ऐनले भनेको जातमा आधारित रहेर बढी वा घटी सजाय दिने कानुन समेत थियो । तात्कालीन शासकहरूले धर्मशास्त्रमा आधारित भएर मानिसहरूलाई नै पानी चल्ने र पानी नचल्ने जातहरूलाई दलित शब्दबाट सम्बोधन गर्न थालियो । जस अनुसार दलित वर्गमा पहाडमा दमाई, कामी, सार्की, गाइने, पोडे, च्यामे आदि जातिलाई दलित वर्गमा परिणत गर्न थालियो । त्यस्तै तराइमा लोहार, चमार, डोम, कडरा, मुसहर, आदिलाई दलितको रूपमा परिभाषित गरियो ( राष्ट्रिय दलित आयोग, २०६०) ।

वि.सं. २०२० मा जब पुरानो मुलुकी ऐनलाई हटाएर नयाँ मुलुकी ऐन लागु गरियो त्यसमा पनि जातपात, छुवाछुतको भेदभावलाई हटाईने सैद्धान्तिक नारामा मात्र सीमित पारियो । दलित माथि हुने छुवाछुतको व्यवहारमा रत्ति पनि कमी आएन । नेपालको अन्तरिम संविधान २०६३ ले सबै नागरिकलाई समान रूपले हेरेको छ । धर्म, जात, वर्णको आधारमा कसै माथि पनि छुवाछुत र भेदभाव गर्न नपाइने भनिएको छ । तर त्यो कानुनमा मात्रै सीमित छ । नेपाली समाजमा जाति प्रथाले जरो गाडेको हुँदा यसैको आधारमा छुवाछुतको भेदभाव अझै पाइन्छ ।

अध्ययनको लागि छनौट गरेको क्षेत्र स्याङ्गजा जील्ला साबिक पेल्काचौर गा.वि.स. वडा नं. १ देखि ९ अन्तर्गत सार्की जातीको कूल ३० घरधुरी रहेको र कूल जनसंख्या १४८ रहेका छन् ।

## १.२ समस्याको कथन

नेपालमा शदिऔंदेखि हालसम्म विविध जातजाती, भाषा भाषी, धर्म, संस्कृति अँगाल्नेहरु बसोबास गर्दै आइरहेका छन् । समयको परिवर्तनसँगै ती भिन्न जात जातीहरु मध्ये सार्की जाती पनि एक हो । वि.सं. २०५८ को जनगणना अनुसार जनसंख्याको आधारमा १५ औं स्थानमा रहेको यो जाती देशका विभिन्न भागहरुमा छरिएर रहेका छन् । अन्य जाती भन्दा पिछडिएको तथा जातीय उचनीचको कारण यो जाती समाजमा तल्लो जातीको रुपमा दबिएर रहेको  पाइन्छ । शैक्षिक, सामाजिक, राजनैतिक तथा आर्थिक आधारमा हेर्दा यो जाती विगतदेखि हालसम्म पनि पछि परेको देखिन्छ । हाम्रो देशमा कानूनी रुपमा छुवाछुतको अन्त्य वि.सं. २०२० को मुलुकी ऐनदेखि सुरुवात भएको देखिन्छ ।

नेपालको संविधान २०४७ को मौलिक हक अन्तर्गत राज्यले नागरिकबीच धर्म, वर्ण, जात, जाती, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने कुराको उल्लेख छ ।

नेपालको अन्तरिम संविधान २०६३ मा पनि छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक अन्तर्गत कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पिडित व्यक्तिले कानूनद्धारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यसरी विभिन्न समयमा बनेका संविधान ऐन कानूनबाट छुवाछुत तथा जातीय विभेदको अन्त्य भए पति व्यवहारमा पाइदैन् । कथित उच्च जातीका ब्राम्हण, क्षेत्रीहरुको जस्तै थर पाउनु, हिन्दु धर्म अँगाल्नु, नेपाली भाषा नै मातृभाषा हुनु जस्ता कुराहरु देखिए पनि सामाजिक रुपमा किन  पछि परे ? परम्परागत हिन्दु धर्म परित्याग गरी अन्य धर्मप्रति किन आकर्षित भए ? सामाजिक, आर्थिक, राजनैतिक हैसियत किन अन्य जातीको जस्तो भएन ? किन कहिले पनि निर्णायक स्थितिमा पुगेनन् ? किन सधैं उच्च जातीबाट शोषित हुनु पऱ्यो ? जातीय उचनीचका कारण सरकारी तथा गैर सरकारी क्षेत्रमा काम गर्न अप्ठ्यारो पर्नु, सामाजिक जीवन बिताउन कठिनाइ हुनु आदि यस जातीको समस्याहरु हुन् ।

परम्परागत जुत्ता सिउने पेशाले जीवन नधान्ने अधिकांश नयाँ पिँढीले बिर्सि पनि सकेकाले र आधुनिक स्वदेशी तथा विदेशी जुत्ता लगायत छालाका सामानसँग प्रतिस्पर्धा गर्न किन सकेनन्? किन यो जाती वैकल्पिक पेशा अपनाउन वाध्य छन् ?

माथिका यी समस्याहरुको आधारमा स्याङ्गजा जील्ला पुतलीबजार नगरपालिका वडा नं १२ पेल्काचौर मा बसोबास गर्दै आएका ३० घर नेपाली (सार्की) जातीको सामाजिक, आर्थिक एवम् साँस्कृतिक पक्ष के के हुन ? घरयासि स्तरमा महिला र पुरुष विच के कस्ता भिन्नताहरु छन् ? कस्तो किसिमको शैक्षिक स्तर र वातावरण छ ? हालको आधुनिक शिक्षित समाजमा उनिहरु प्रति के कस्तो परिर्वतित धारणा पहिचान गरी समाधानको उचित उपाया पत्ता लगाउन यो शीर्षक चयन गरीएको छ ।

## १.३ अध्ययनको उद्देश्य

- सार्की जातीको सामाजिक, साँस्कृतिक एबं आर्थिक अवस्थाको अध्ययन गर्नु ।
- परिर्बतित समयमा उनीहरुको पेशाले सामाजिक जिबनमा पारेको प्रभाबको अध्ययन गर्नु र उनिहरुमा आएको सामाजिक, साँस्कृतिक एबं आर्थिक अवस्थाको परिबर्तनको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपाल विभिन्न धर्म सँस्कृति, जात, जनजाती, भाषा भाषी रहेको मुलुक हो । कुनै पनि देश विकास हुन त्यस देशको भाषा, धर्म, सँस्कृति आदिको विकास समान रुपले हुनु पर्दछ । उचनीचको कारणले समाजमा तल्लो जातीमा रहनु परेको सार्की जातीमा यो अध्ययनले सार्की जातीको आर्थिक, सामाजिक, साँस्कृतिक आदि विविध पक्षको अध्ययन गर्न र सार्की जातीको अन्य जातीसँग र अन्य जातीको सार्की जातीसँगको सम्बन्धमा आएको परिवर्तनको उजागर गर्ने भएकोले सार्की जातीको अध्ययनमा रुची राख्ने विद्यार्थी अनुसन्धान कर्ता र अन्यहरुलाई यो अध्ययन सहयोगी हुनेछ ।

## १.६ अध्ययनको सीमा

यस अध्ययनले नेपालमा बसोबास गर्ने सम्पूर्ण दलित जाति विशेष गरेर सार्की जातिको पुरा प्रतिनिधित्व गर्न सक्दैन, यो एक प्रकारको सानो आकारको अध्ययन मात्र हो । यस स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १२ पेल्काचौर  को ३० घरधुरी नेपाली (सार्की) जातिको जीवनशैली सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनको बारेमा विश्लेषण गर्नु

यसको प्रमुख क्षेत्र हो भने अन्य आधारमा विश्लेषण नगर्नु यस शोधको निश्चित सीमा रहेको छ ।

## १.५ अध्ययनको संगठनात्मक ढाँचा

त्रिभुवन विश्वविद्यालय मानवीकी तथा सामाजिक शास्त्र संकायको स्नातकोत्तर तह समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिको निम्ति तयार पारेको यो स्याङ्गजा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १२ पेल्काचौर मा बसोबास गर्ने नेपाली (सार्की) जातीको बारेमा गरिने यस अध्ययन लाई विभिन्न ७ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय शिर्षक राखिएको छ । दोस्रो अध्यायमा सन्दर्भ साहित्यको पुनरावलोकन शिर्षक राखिएको छ । तेस्रो अध्यायमा अनुसन्धान विधि राखिएको छ । चौथो अध्यायमा सामाजिक, साँस्कृतिक अबस्था राखिएको छ । पांचौ अध्यायमा आर्थीक पक्ष राखिएको छ । छैटौ अध्यायमा सामाजिक, साँस्कृतिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तनहरु राखिएको छ । सातौ अध्यायमा सारांश निष्कर्ष तथा सुझाव राखिएको छ । र अनुसन्धानको अन्त्यमा अध्ययन क्षेत्रमा सोधिएका विभिन्न प्रश्नहरु र अनुसन्धानमा सहयोग लिइएको विभिन्न कृतिहरुको नाम राखिएको छ ।

# अध्याय दुई

# साहित्य समिक्षा

## २.१ पूर्व साहित्यको समीक्षा

यो शोधपत्र तयार गर्नेका लागि अध्ययन एवम् अनुसन्धान गर्दा त्यस विषयसँग सम्बन्धित अन्य सन्दर्भ साहित्यको अध्ययन गरी आफूलाई आवश्यक ज्ञान लिनु पर्दछ जसले गर्दा अध्ययन अनुसन्धान गर्न सजिलो हुन जान्छ । नेपाल एक बहुभाषिक बहुसांस्कृतिक मूल्यमान्यता, चाडपर्वमा धनी मानिएको देश हो । त्यसैले यहाँको सामाजिक, सांस्कृतिक पृष्ठभूमीलाई विभिन्न कोणबाट विभिन्न समयमा समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन अनुसन्धान गरिएको पाइन्छ ।

क्षेत्रफलको हिसाबले सानो देश भएतापनि विविधताले भरिएको देश हो । जसले गर्दा समाजशास्त्रीय दृष्टिकोणले अध्ययन अनुसन्धान लागि स्वर्गनै मानिन्छ । नेपालमा विभिन्न जातजातिको बसोबास रहेको छ । उनीहरूको आ-आफ्नै प्रकारका कला संस्कृति मूल्य मान्यता रहेको छ । यसैले यसको अध्ययन गर्नु जरुरी छ । नेपालमा भाषिक सामाजिक सांस्कृतिक, आर्थिक विविध विविधता भएतापनि यहाँ समाजशास्त्रीय एवम् मानवशास्त्रीय अधययनको सुरुवात भएको धेरै समय भएको छैन । राणाकालमा केही अध्ययन अनुसन्धान भएता पनि समाजशास्त्रीय एवम् मानवशास्त्रीय दृष्टिकोणबाट नभइ धर्म प्रचारका लागि, राजनैतिक फाइदाका लागि पर्यटकीय दृष्टिकोणको लागि र बजार व्यवसाय, बिस्तारका लागि गरिएको थियो । वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि नेपालमा विदेशीहरूको आगमन बढ्यो र विदेशी तथा स्वदेशी विद्वानहरूले त्यसपछि मात्र समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययन अनुसन्धानमा बढिचासो लिएको देखिन्छ । त्यसैको फलस्वरूप विभिन्न जातजातिको अध्ययनको शुरु हुन थाल्यो । यस्ता विद्वानहरूमध्ये एल् क्याप्लन (१९७०), एस् ओटनर (१९७३) आदिलाई प्रमुख मानिन्छ भने नेपाली विद्वानहरूमा जि. एस नेपाली (१९६५), डा. प्रेम कुमार खत्री (२०३६) डा. नविन कुमार राइ (१९७५) प्रो. डोरबहादुर विष्ट (१९६७) प्रो. डा. ऋषि केशव राज रेग्मी (१९८५) प्रो. डा. डिल्ली रमण रेग्मी (१९८४) प्रो. डा. गणेशमान गुरुङ (१९८२) आदि रहेका छन् ।

विभिन्न विद्वान तथा समाजशास्त्री मानवशास्त्रीहरूले शुद्रवर्णमा पर्ने सार्की जातिको बारेमा अध्ययन अनुसन्धान गरेतापनि उनीहरूमै केन्द्रित भएर कुनै पनि पुस्तक लेखेको पाइएन । यि विद्वानहरू जस्तै Bista (१९७६), Blaikie (१९८०), Caplan (१९७२) आदि विद्वानहरूले आफ्नो पुस्तक मार्फत थोरै भए पनि सार्कीको बारेमा उल्लेख गरेका छन् सिजापति (१९८२) यसै सन्दर्भमा संस्कृतिकरण, आधुनिकीकरण तथा पश्चिमी करणका प्रभाव सार्की जातिमा परेपछि उनीहरूमा सांस्कृतिक अवस्था र जीवनशैलीमा परिवर्तन भैरहेको आभाष पाइन्छ ।

श्याम कृष्णा जोशीको शोधपत्र (१९१९) मा चिसापानी गा.वि.स. का दमाइ जातिहरूको वर्तमान स्थीति आधुनिकीकरणको कारण यो जातिमा भै रहेको सामाजिक सांस्कृतिक एवम् आर्थिक परिवर्तन बारेमा उल्लेख गरिएको छ ।

Cheetri (१९९९) का अनुसार दलितहरूलाई मन्दिर प्रवेश र कथित माथिल्लो जातिका घर, पसल, गोठ होटलमा समेत प्रवेश निषेधका साथै पानीको मुहान, पानीको भाडा छुन, भोजन र चाडपर्वमा घुलमिल हुन र कथित उच्च जाति कहा दूध बेच्न र पकाएको खान बेच्न समेत प्रतिबन्ध थियो ।

यसै गरि नेपाली जनजीवन शर्मा (२०३९) मा दमाइ कामी सार्की गाइने बादी जस्ता दलितहरूको सामान्य परिचय दिएको र साथै यी दलितहरूले गर्ने परम्परागत काम लुगा सिउनु, फलाम सम्बन्धि काम गर्ने, सिनो फाल्ने तथा छालाको जुत्ता बनाउने पेशाको उल्लेख गरेको भए तापनि समग्रमा यिनीहरूको अध्ययन भएको पाइँदैन ।

यसकारण नेपालमा सार्की अथवा चमारहरूका बारेमा खासै पर्याप्त मात्रामा अध्ययन अनुसन्धान भएको देखिँदैन । सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा भएको भेदभावको कारण दलितहरू शैक्षिक सामाजिक कारण दलितहरू शैक्षिक सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा पछाडि परेको अनुभव गरी उनीहरूलाई अन्य उपल्ला जातहरू बाहुन, क्षेत्री सरह पुऱ्याउन उनीहरूको अधिकारको संरक्षण गर्ने र उनीहरू माथि हुने गरेका छुवाछुतको भेदभाव असमानता हटाउने उद्देश्य अनुरूप २०५८ सालमा गठन भएको राष्ट्रिय दलित आयोगले समय समयमा दलित सम्बन्धी लेख रचना प्रकाशनमा ल्याइरहेको छ ।

नेपाली (सार्की) जातिको वर्तमान अवस्था उनीहरूको सामाजिक, सांस्कृतिक आर्थिक पक्षमा देखिएको परिवर्तन र जिवनशैलीको बारेमा यस गा.वि.स. मा खासै पहिले लेखिएका साहित्य

वा किताबहरू नपाइए तापनि यहाँको वस्तुस्थितिलाई सकेसम्म सत्यतथ्य नै उतार्ने प्रयास गरिएको छ ।

## २.२ नेपालमा दलित सम्बन्धी अध्ययन

दलित भन्नाले समाजमा सामाजिक आर्थिक राजनैतिक सांस्कृतिक पछाडि परेका जाति हुन भन्न सकिन्छ । विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा “दलित भन्नाले समाजमा छुवाछुतको भेदभावबाट पिडित भई आर्थिक रूपमा शोषित राजनैतिक रूपमा उपेक्षित शिक्षामा पछाडि परेका धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भईरहेका जातिका व्यक्तिलाई सम्झनु पर्दछ (श्री ५ सरकार, २०५९, नेत्री, २०६६ बाट सम्भार) त्यस्तै गरि दलितको बारेमा कुरा गर्दा दलित पछाडि पर्नुमा पुरानै पद्धतिबाट कृषि कार्य गरिनु, कृषि कार्यमा प्रयोग गरिने औजार हात द्वारा निर्माण गर्नु आधुनिक हातहतियार मेसिनसंग घरायसी हातहतियरले प्रतिस्प्रर्धा गर्न नसक्नु खेतिपातिमा चाहिने समान (मल, बिउ आदि) समयमा उपलव्ध गराउन नसक्नु “(Blaikie, 1980)”

यसरी दलित जातिको अवस्थालई खुलाउदै विश्वकर्मा लेख्नुहुन्छ, नेपालमा दलित जातिहरू पनि समाजको माथिल्लो जातिबाट हेपिएको र शोसिएको अनुभव गर्दछन तै पनि यिनिहरूले माथिल्लो जातिको सिधा बिरोध गर्न सकिरहेका छैनन् । भारतको अछुत जातिहरूले जस्तो नेपालका अछुत जातिहरू विरोधमा सिधा नउत्रिकन अफ्नो जातिय हित कल्याण गर्न समाजमा आफ्नो जातिहरूलाई पनि समय अवसर दिन समान किसिमाको व्यवहार गर्न वा गराउन नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को स्थापना गरेको छ । यसै दलित जाति मध्य सार्की पनि एक जाति हो । “विश्वकर्मा (२०५७)”

त्यस्तैगरी दलित जातिको शैक्षिक अवस्थाको बारेमा अचार्य भन्नु हुन्छ गरिवि अशिक्षित अभिभावक भएका कारणले धेरै जसो दलितहरू विद्यालय छाड्ने गरेको पाइन्छ । साथै प्राथमिक तहको अध्यानको सिलसिलामा धेरै संख्यामा विधार्थीहरूले पढाईलाई अघि बढाउन नसक्नुमा शिक्षकहरूले विद्यार्थीहरूको मनो-विज्ञान नबुझि गर्ने गलत व्यवहारले हो । दलित वर्ग भित्र कामि जाति पनि पर्छ । यस जातिको गहन अध्ययन खासै हुन सकेको छैन । कामी जातिको शैक्षिक अवस्था कमजोर भएका कारण विभिन्न अन्धविश्वास छुवाछुत आदिको धारणा अझसम्म विध्यमान छ, मजदुरी गरेर खानु पर्ने बाध्यताका कारण घरमुली बाहिर काम गर्न जाँदा सानै भए पनि भाइ बहिनी हेर्नु पर्ने, भेडाबाखा चराउन जानु पर्ने, अलि

ठुलो भएपछि ज्यालादारीमा काम गर्न जानु पर्ने भएका कारण प्राथमिक शिक्षा पुरा भएपछि छोरीले स्कुल छाडने गर्दछन "(खत्री २०५८)"।

## २.३ नेपालमा सार्की जाती सम्बन्धी अध्ययन

सार्की जातिको वसोवासको बारेमा भनेका छन् सार्की जाति नेपालको आदिवासी जाति भए पनि कहिले देखि नेपालमा बसोवस गर्न थलेका हुन त्यस बारे एकिन भन्न नसके ता पनि देशका मुख्यतया पहाडी भागमा बसोवास गर्दै आएका छन र यिनिहरू तागाधारी जातिको आसपासमा बसोवास गर्दछन "(बिष्ट १९९४)" त्यस्तै बसोवास स्थान कै बारेमा अझ प्रकाश पार्दै सार्की, मिजार र चर्मकार भनेर यस जातिलाई चिनिन्छ । यस जाति नेपालको पुर्वी क्षेत्रमा बढी पाइन्छन "(इन्सेक२०५३)"।

यसै गरी सार्की जातिलाई अछुत मानिने हुँदा यिनीहरूको सामाजिक हैसियत निकै तल्लो स्थानको छ जसले गर्दा अन्य तागाधारी र मतवाली जातिहरूले यस जातलाई तल्लो स्तरको व्यवहार गर्दछन (Macdonaid,1975) ।

त्यस्तै गरि कुनै पनि देशमा भएका अछुत जातिहरूको संख्याले देशको कुल जनसंख्याको प्रतिनिधित्व गर्न सक्दैन किन भने अछुत जातिहरूको जनसंख्या देशको कुल जनसंख्याको तुलनामा निकै कम छ (Hofer 1997) ।

सार्की जातिसंग कृषि कार्यको लागि कम जग्गा भएका कारण अरुको अधिया जमिन कमाउन पर्ने बध्यता छ । सार्की जातिँग कृषि कार्यको लागि कम जग्गा भएका कारण अरुको अधिया जमिन कमाउन पर्ने बाध्यता छ, यहि बाध्यताको कारण आधा अन्न जग्गा धनिलाई नै दिनु पर्ने बाध्यताले गर्दा जति उत्पादन गरे पनि प्रायलाई बर्ष दिन खान पुग्दैन (गिरी २०५७) ।

जातिय तथा आर्थिक स्तरीकरणको संरचना र आवश्यक पोषणको अभावले गर्दा सार्की जातिहरूको अवस्था दयनिय हुनुको साथै बिभिन्न रोगले आक्रमण गरेको पाईन्छ "(Caplan 1972)"।

सार्कीहरू आफ्नो जात अनुसारको परम्परागत पेशा जुत्ता सिलाउने काममा केहि परिवारले निरन्तरता दिए पनि उधोगबाट बनेका जुत्ता राम्रा र सजिला हुनाले परम्परागत सीपबाट बनेका जुत्ता प्रति समाजमा रहेका अन्य व्यक्तिले हेयको भावले हेर्ने हुँदा धेरै परिवारले

निरन्तरता दिन सकेका छैनन् (शिवाकोटी २०६१) । त्यस्तै गरि परम्परागत छालाको जुत्ता बनाउने र छाला सम्वन्धि काम गर्ने पेसा हाल बिकसित समाजमा आएको अर्थिक तथा सामाजिक परिवर्तनको कारण अत्यन्त अव्याबहारिक साबित भएको छ । कृषि क्षेत्रका भन्दा पनि छालाको काम गर्ने सार्कीहरूको आर्थिक अवस्था कमजोर भएका कारण यो जाति पछाडि परेको हो "(पाण्डे २०६१)" ।

नेपाल सरकार समाज कल्याण मन्त्रालय २०४४ को प्रतिवेदन अनुसार सार्कीहरू हाम्रो समाजका लागि अति आवश्यक जाति हुन । यो जाति पेशागत जाति अन्तर्गत पर्दछन । यिनीहरूको सामाजिक हैसियत निकै तल छ सामाजिक भेदभावकै कारण तल्लो जाति भनि हेयको भावले  हेरिन्छ । यिनीहरू ज्यादै पिछडिएका छन् । छोइछिटो जस्तो कुसँस्कार अझ कायमै छ यिनीहरूको स्वामित्वमा नाम मात्रको जग्गा जमिन भएकाले यिनीहरूलाई जिवन धान्न अति कष्टकर भएको छ भने परम्परागत पेशालई अंगाल्दा पनि औद्योगिककरणका कारण उनिहरूद्धारा उत्पादित सामान भने सस्तो र राम्रा समेत भएकाले यो जाति संकटमा परेको छ । यसले गर्दा दलित वर्गमा पर्ने सार्की जातिलाई जीवन धान्न धौ-धौ परेको देखिन्छ । (नेपाल सरकार समाज कल्याण मन्त्रालय २०४४ थापा २०५८ बाट संम्भार)

उल्लेखित सन्दर्भ सामाग्रीको अध्ययनबाट पनि स्पष्ट हुन्छ की नेपालका अछुत जातिका मानिसहरूले सामाजिक आर्थिक पिडाहरू भोग्दै अएका छन र उत्पीडनको चपेटामा परिरहेका    छन् । यी जातिहरू दोस्रो दर्जाको नगरिकको रूपमा समाजमा हिनता बोकेर बाँचिरहेका भएता पनि यीनिहरू समाज वा राष्ट्रको एकता र बहुजातिको भावनालई विथोल्ने कुनै किसिमको क्रियाकलाप गर्दैनन र उपरोक्त अध्ययनहरूमा परिर्वतन र कारणहरूलाई महत्व दिएको देखिदैन । यसर्थ प्रस्तुत अध्ययनले सार्की जातिको अवस्थामा साथै ती अवस्थामा आएको परिवर्तन र कारणलाई विश्लेषण गर्ने जमर्को गरेको छ ।

यस अध्ययनमा स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १२ साबिकका नेपाली (सार्की) जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था र तिनमा आएका परिवर्तनहरूको अध्ययन गर्न खोजिएको छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा विषयसँग सम्बन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवं व्यवस्थित तरिकावाट अपनाइने अनुसन्धानको प्रक्रियालाई नै अनुसन्धान विधि भनिन्छ । अर्को शब्दमा अनुसन्धान कर्ताले आफ्नो अनुसन्धान समस्याको अध्ययन गर्दा प्रयोग गरेका सम्पूर्ण तरिकाहरुनै अनुसन्धान विधि हुन । यस अध्यायमा अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनौट, अध्ययनको समग्रता, तथ्याङ्ग संकलन विधि आदिको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान ढाँचाले अध्ययन क्षेत्रको सामान्य विवरण र सार्की जातिको जनसंख्या परिवारको किसिम, शिक्षा स्वास्थ्य पेशा, नेपाली (सार्की) जातिको सामाजिक र सांस्कृतिक जिवनमा आएको परिवर्तनको बारेमा गहिरिएर अध्ययन गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

प्रस्तुत अनुसन्धानमा अध्ययन क्षेत्र स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १२ का नेपाली (सार्की)समुदाएका ३० घर धुरी छनौट गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता

अध्ययन क्षेत्रमा ३० घर धुरी सार्कीहरु रहेका छन् । सबै घर धुरीहरुलाई अध्ययनमा समाविष्ट गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनका क्रममा प्राथमिक स्रोत र द्वितिय स्रोत तथा गुणात्मक संख्यात्मक दुवै प्रकृतिको तथ्याङ्कको प्रयोग गरिएको छ । कार्य क्षेत्रमा गएर आफूले प्राथमिक रूपमा सङ्कलन गरेको तथ्याङ्कमा अन्तर्वार्ता अनुसूची भरी आवश्यक जानकारी लिई शोधपत्र तयार गरिएको छ । जहाँ द्वितीय तथ्यांक पनि समावेश गरी पत्र-पत्रिकाहरूको समेत सहयोग लिइएको छ। त्यस्तै गरी जिल्ला वा गा.वि.स. बाट प्राप्त हुने प्रोफाइल वा वस्तुगत विवरण पनि प्रयोगमा ल्याइएको छ।

### क) प्राथमिक स्रोत

यस विधिमा अनुसन्धान कर्ता प्रत्यक्षरुपमा अध्ययन क्षेत्रमा गई तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ । तथ्यांक संकलन गर्न अर्न्तवाता अनुसुचि र क्षेत्रगत अध्ययन, बैयक्तिक अध्ययन, मूख्य जानकार व्यक्तिहरुसँगको अर्न्तवार्ता जस्ता विधिहरु प्रयोग गरिएको छ। जुन निम्नाअनुसार छन् ।

### अ) अन्तरवार्ता अनुसुचि

कुनै पनि व्यक्ति तथा समाजको धारणा, मान्यता, चाहाना र भविष्यप्रतिको दृष्टिकोण थाहा पाउनको लागि यो पद्धतिलाई तथ्याङ्क संकलन विधिको प्रमुख स्रोतको रूपमा यो पद्धति प्रयोग गरिएको हो । अध्ययन क्षेत्रका ३० घरमूलीहरूलाई भेटी अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गर्ने काम गरिएको छ ।

### आ) मुख्य जानकार व्यक्तिहरुसँगको अन्तरवार्ता

यस विधिमा अनुसन्धानकर्ता आफैं उपस्थित भै त्यस टोलमा जान्ने बुझ्नेको रुपमा रहेका व्यक्तिहरु जस्तै, स्थानिय शिक्षक, समाजसेवि बुद्दिजिबि , स्थानिय ब्याबसायी (सबै ४० बर्ष भन्दा माथिका) हरुसंग २० बर्ष पछि समाजमा देखिएका परिबर्तनलाइ केन्द्रित गरी अन्तरवार्ताद्वारा त्याहाँको समाजको विविध पक्षको जानकारी लिइएको छ ।

### इ) बैयक्तित अध्ययन

यस विधिमा अनुसन्धानकर्ता आफैं उपस्थित भै त्यस टोलमा रहेका पांचवटा घरका घरमुलीहरुको बैयक्तिक बिबरण लिइएको छ ।

### ख) द्धितीय स्रोत

यस विधिमा विभिन्न पुस्तक, पत्रपत्रिका, पूर्व प्रकाशित सोधपत्रहरु, इन्टरनेट आदि प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कको विष्लेषण एवं प्रस्तुतिकरण

कुनै पनि अध्ययन अनुशन्धानको सफलता र तथ्याङ्को प्रभावकारी विष्लेषण नै प्रस्तुतिकरण हो तथ्याङ्क विष्लेषण गर्दा तथ्याङ्कलाई एकमुष्ट गरी वैज्ञानिक रुपले विशेषताका आधारमा तालिकीकरण गरी संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा प्रस्तुत गरीएको छ भने गुणात्मक तथ्याङ्कलाई सामान्य रुपमा वर्णन गरिएको छ ।

# अध्याय चार

# सार्की जातिको सामाजिक, साँस्कृतिक अबस्था

## ४.१ सामाजिक पक्ष

यस शिर्षकमा सार्की जातीसँग सम्बन्धित विभिन्न सामाजिक, साँस्कृतिक धामिक, शैक्षिक, अवस्थाहरु जस्तै, जनसंख्या, पेशाा, उमेर, लिङ्ग परिवारको सदस्यहरुको तालिका, परिवारको किसिम, वैवाहिक स्थिति, शैक्षिक स्थिति, स्वास्थ्य स्थिती, महिलाको स्थिति, निर्णय प्रकृया, राजनीतिमा सहभागिता, स्वतन्त्र हिँडडुल, सासु बुहारी सम्बन्ध, परिवार नियोजन, छुवाछुतको  स्थिति जस्ता कुराहरु उल्लेख गरिएको छ ।

### ४.१.१ जनसंख्या

कुनै पनि देश ठाउँको सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक र शैक्षिक स्थितिको परिवर्तनमा जनसंख्याको ठूलो भूमिका हुन्छ । कुनै पनि समाज वा समुदायको आकार, स्वरुप, सामाजिक सम्बन्ध र सामाजिक परिवर्तनमा प्रभाव त्यस समाज वा समुदायको जनसंख्याको आकार स्वरुप र वितरणले प्रभाव पार्दछ ।

अध्ययन स्थलमा रहेको ३० घर परिवारमा १४८ जना जनसंख्यालाई लिङ्ग, उमेर समूहको आधारमा वर्गीकरण गरिएको छ । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : उमेरको आधारमा सार्की जातीको जनसंख्या विवरण**

| उमेर समूह (वर्ष) | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१४ | २३ | १५.५४ | १३ | ८.७८ | ३६ | २४.३२ |
| १५-५९ | ५१ | ३४.४६ | ५४ | ३६.४९ | १०५ | ७०.९५ |
| ६० देखि माथि | ४ | २.७० | ३ | २.०३ | ७ | ५.० |
| जम्मा | ७८ | ५२.७० | ७० | ४७.३० | १४८ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण-२०७४*

माथिको तालिकामा ०-१४ वर्षको उमेर समूहमा पुरुषको संख्या २३ जना, महिलाको संख्या १३ जना गरी जम्मा ३६ वा २४.३२ प्रतिशत छन् । उक्त उमेर समूहलाई विद्यालय जाने

उमेर समुह, आर्थिक रुपमा आश्रित जनसंख्याको लिइए पनि यिनीहरु घरायसी कामहरु गर्ने, गाई वस्तु चराउने, खेतवारीमा काम सघाउने, आमा, बुबा, दाजु, दिदीहरुसँग मेलापात जाने जस्ता कामहरु गर्दछन् । यस्तै १५-५९ वर्षका उमेर समूहका जनसंख्यालाई आर्थिक रुपले सक्रिय जनसंख्याको रुपमा लिइन्छ । उक्त उमेर समुहका जनसंख्याले विभिन्न आयमूलक कार्यहरु गर्ने गरेका छन् । कृषि कार्य, सरकारी, क्षेत्रमा जागिर खाने, विभिन्न वस्तुहरुको व्यापार गर्ने, ज्याला मजदुरी गर्ने जस्ता कार्यहरु गर्दछन् । परिवारको रेखदेखको जिम्वेवारी पनि यहि उमेरका जनसंख्यामा देखिन्छ । प्रस्तुत तालिकामा यो उमेर समूहको पुरुषको संख्या ५१ र महिलाको संख्या ५४ गरी जम्मा १०५ जना वा ७०.९५ प्रतिशत छन । उक्त क्षेत्रमा काम गर्न सक्ने सक्रिय जनसंख्या आधा भन्दा बढि देखिनुले अध्ययन क्षेत्र आर्थिक रुपले राम्रो क्षेत्र मान्न सकिन्छ । यस्तै ६० वर्ष भन्दा माथि उमेरका जनसंख्यामा पुरुष ४ जना र महिला ३ जना गरी जम्मा ७ जना वा ५.० प्रतिशत देखिन्छ । उक्त उमेरका जनसंख्यालाई काम गर्न नसक्ने आश्रित जनसंख्याको रुपमा लिए पनि यिनिहरुले परिवारको रेखदेख नियन्त्रण, सानोतिनो घरायसी कामहरु गर्ने गरेको देखिन्छ । आर्थिकरुपले आश्रित मानिए पनि यो उमेर समूहका मानिसहरुले परिवारमा महत्वपूर्ण जिम्मेवारी लिएका हुन्छन् । संयुक्त परिवारहरुमा यो उमेर समूहका व्यक्तिहरु परिवारको मुख्य केन्द्रबिन्दुको रुपमा चिनिन्छन् ।

### ४.१.२ परिवारको किसिम

परिवार समाजको आधारभूत एकाई हो । व्याक्तिको जन्म, लालनपालन, शिक्षा जस्ता कुराहरु परिवारवाटै हुन्छ । व्यक्ति परिवारवाट नै सामाजिक वन्दछ । संसारमा धेरै किसिमका परिवारहरु छन् । हाम्रो देशमा एकात्मक परिवार र संयुक्त परिवार नै पाइने हुँदा अध्ययन क्षेत्रमा पनि यिनै दुई किसिमका परिवार देखिन्छ । हरेक परिवारको संचालन, नियन्त्रण जस्ता कार्यहरु लोग्ने मान्छेको नियन्त्रणमा रहेको देखिन्छ । संयुक्त परिवारमा बुढा लोग्ने मानिसले काम गर्न नसक्ने हुँदा उ पछि जेष्ठ सदस्य (लोग्ने मान्छे) ले परिवार संचालन गरेको देखिन्छ । संयुक्त परिवारमा छोराछोरीको बिहे भएपछि अंशवण्डाको नियम अनुसार अलग वसि एकात्मक परिवारको निर्माण गरेको पाइन्छ ।

एउटै छानामूनि बस्ने, एउटै भान्सामा भातखाने हजुरबुबा, हजुरआमा, आमा बाबु, काका काकी, छोरा छोरी, नातिनातीनाहरु आदिको समुहलाई संयुक्त परिवार भनिन्छ । यस्तै आमा,

बाबु र अविवाहित छोराछोरी भएको परिवारलाई एकात्मक परिवार भनिन्छ । अध्ययन क्षेत्रको परिवारको किसिमलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | ९ | ३० |
| संयुक्त | २१ | ७० |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

तालिका ४.२ मा अध्ययन गरिएको ३० घर परिवारहरु मध्ये संयुक्त परिवारप्रतिको आर्कषण वढि देखिन्छ । जसमा ७० प्रतिशत रहेको छ । यस्तै एकात्मक परिवार ३० प्रतिशत रहेको छ । आधुनिक समयमा एकात्मक परिवार प्रतिको आर्कषण देखिए पनि अध्ययन क्षेत्रमा संयुक्त परिवारको आर्कषण देखिनुको प्रमुख कारणहरु निम्न लिखित छन् ।

क) परम्परागत कृषि प्रणाली भएकाले संयुक्त परिवारले जनशक्तिको माग पुरा गराउछ ।

ख) अध्ययन स्थलका केही मानिसहरु अर्काको खेत अधिया गर्ने, पशुहरु पाल्ने कामहरु गर्ने हुँदा परिवार संख्या धेरै हुँदा गाउँका जग्गावालाहरुसँग जग्गा प्राप्त गर्न सजिलो हुने ।

ग) वैदेशिक रोजगार लगाएत अन्य क्षेत्रमा रोजगारी गरिरहेकाहरुको परिवारको रेखदेख गर्न सजिलो हुने ।

यस्तै एकात्मक परिवार प्रति आर्कषण वढ्ने क्रम पनि पहिलेको तुलनामा वढेको छ । जसको कारण आफूखुसी आम्दानी खर्च गर्न पाइने, परिवारको संख्या र आम्दानीको श्रोत विच सन्तुलन गर्न पाईने लगायत पारिवारिक स्वतन्त्रताको प्राप्ती आदि देखिन्छ ।

### ४.१.३ वैवाहिक स्थिति

एउटा परिवार भित्र विभिन्न वैवाहिक स्थितिहरु पाइन्छ, जसमध्ये कुनै विवाहित, अविवाहित कोही विधुवा, विदूर हुन्छन् । अध्ययनको क्रममा विभिन्न उत्तरदाताको वैवाहिक स्थिति निम्न तालिकामा देखाईएको छ ।

**तालिका ४.३ : वैवाहिक स्थितिको आधारमा सार्की जातीको विवरण**

| बैबाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | २५ | १६.८९ |
| विधुवा | २ | १.३५ |
| अविवाहित | १२१ | ८१.७५ |
| जम्मा | १४८ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार विवाहितको संख्या २५ अर्थात १६.८९ प्रतिशत, विधुवाको संख्या २ जना अर्थात १.३५ प्रतिशत र अविवाहितहरुको संख्या १२१ जना वा ८१.७५ प्रतिशत रहेको छ । संयुक्त परिवारको विवाहितहरु मध्ये जेठो वा आफूभन्दा माथिल्लो पिंढी घरमुली र एकात्मक परिवारमा आफैं घर मुली रहेको पाइयो र विधुवा, विदुरले स-साना घरायसी काम र परिवार संचालनमा अऱ्हाइ सिकाई गर्ने कार्य गरेको पाइन्छ ।

### ४.१.४ शैक्षिक स्थिति

मानिसहरुको जीवनको आँखा भनेकै शिक्षा हो । शिक्षा बिनाको जीवन वास्तविक रुपमा अन्धकारमय हुन्छ । कुनै पनि परिवार, समाज, राष्ट्रको विकासमा सवैभन्दा महत्वपूर्ण पक्ष नै शिक्षा हो । अध्ययन क्षेत्रको लगभग ५ कि.मि. क्षेत्रभित्र ३ वटा प्रा.वि., ६ वटा उ.मा.वि., ३ वटा स्नातक र २ वटा स्नानकोत्तर तहसम्मको अध्ययन गरिने शैक्षिक संस्थाहरु भए पनि शैक्षिक स्थिति सन्तोषजनक छैन । वीचैमा स्कूल छोड्ने समस्याहरु पनि देखिन्छ । अध्ययन क्षेत्रका सार्की जातीको शिक्षाको अधारमा उनीहरुको विवरण निम्नलिखित छन् ।

**तालिका ४.४ : शिक्षाको आधारमा सार्की जातीको विवरण**

| कक्षा | छोरा | छोरी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १-५ | २२ | १० | ३२ | ५६.१४ |
| ६-१० | १ | ४ | ५ | ८.७८ |
| ११-१२ | १ | ४ | ५ | ८.७८ |
| स्नातक | २ | | २ | ३.५० |
| विद्यालय नगएका | ५ | ८ | १३ | २२.८० |
| जम्मा | ३१ | २६ | ५७ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार विद्यालय जाने उमेर समूहका वालवालिकहरु मध्ये कक्षा १ देखि ५ सम्म छोरा २२ र छोरी १० गरी जम्मा ३२ जना अर्थात १६.१४ प्रतिशत रहेको छ । यस्तै कक्षा ६ देखि १० सम्म पढ्न जाने छोरा १ र छोरी ४ गरी ५ जना अर्थात ८.७८ प्रतिशत छन् । कक्षा ११ र १२ मा छोरा १ र छोरी ४ गरी जम्मा ५ जना अर्थात ८.७८ प्रतिशत र स्नातक तहमा अध्ययन गरेका छोरा २ जना मात्र गरी ३.५० प्रतिशत छन् । उमेरका कारण विद्यालय नगएका वालवालिका छोरा ५ र छोरी ८ जना गरी २२.८० प्रतिशत छन र विभिन्न गैरसरकारी संस्थाको परामर्श २ बर्ष पछि विद्यालय भर्ना गन पेरित गरेको पाइयो । र विद्यालय विचैमा छाड्ने प्रवृत्ति जस्ता समस्याहरु देखिन्छन् । विभिन्न गैरसरकारी संस्थाको पहुँचले प्रौढ शिक्षाको कार्यक्रम आदिले गर्दा उमेर काटिसकेकाहरुले पनि अक्षर चिनेका छन, निरक्षर पनि छैनन् ।

**बैयक्तित अध्ययन - १**

म राम बहादुर नेपाली हो । (नाम परिबर्तन) मेरो घर स्याङजा जिल्लाको साविक पेल्काचौर गा.वि.स. वडा नं ६ सिम्ले टोलमा पर्छ । मेरो घरमा ६ जना परिवार बसोबास गर्छन । मेरो घर टिनले छाएको २ तले घर छ । मेरो मुख्य पेशा भनेको कृषि हो । यही पेशाले गर्दा म आत्म निर्भर छु र सन्तुष्ट पनि छु । म आफुलाइ शिक्षीत परिवारको ब्यक्ति ठान्दछु र यस ठाउंको परिबर्तको लागी अगुवा भइ काम गरेको छु ।

मेरो ठूलो छोरा बिदेश गएको छ । वार्षिक रु. ५०००० भन्दा बढि आम्दानी हुन्छ । बुहारी घरमै काम गर्छीन् । २ जना छोरीहरु स्कूलमा अध्यन गर्छन् । मैले बिगत ५ बर्ष पहिले हिन्दु धर्म मान्दथे र हाल इशाई धर्म मान्दछु । यस धर्म अनुसारको कार्य मार्वाही, पूजा आजा, जप ध्यान, प्रार्थाना गर्ने गर्दछु ।

समाजमा रहेर विधमान छुवाछुतको बिरोधमा मैले धर्म परिवर्तन गर्न बाध्य हुनुपऱ्यो । म लगायत लगभग १५-२० जनाले यो धर्म मान्दछौं । गुरुङ्ग, ठकुरी र ब्राम्हणहरुले यहाँका दलितलाई नराम्रो व्यवहार गर्ने, छुवाछुतको व्यवहार गर्ने, भेदभाव गर्ने कारणले गर्दा समाजमा दबियर बस्नुपर्ने बाध्यता अहिले पनि छ ।

पहिले गाउँमा स्वास्थ्य चौकी थिएन । केहि रोग लाग्यो भने झाँक्री बोलाएर कुखुरा काटेर

भोग हालेर बिरामी निको हुन्छ भन्ने अन्धविश्वास थियो । अहिले त पेल्काचौरमा कति राम्रो हस्पीटल बनेको छ । ५ जना डाक्टर, अहेव, अनमी, नर्स छन् । वडै पिच्छे स्वयंसेविका छन् । कोहि बिरामी भयो भने यही नै उपचार हुन्छ । मैले पनि यही उपचार गरेर निको भएँ । मैले त्यतिबेला घरको आर्थिक अवस्था कमजोर भएकै कारणले बिचमै पढाई छोडनुपर्‍यो । अहिले त मेरा छोरीहरुलाई कुनै असुविधा छैन । सबै सुविधा पाएपछि राम्रो पढ्ने वातावरण मिलाई दिएको छु । त्यसैमाथि गाउँमा साथी नेपाल नामक संस्था आएर धेरै वर्षदेखि सहयोग गर्दै आइरहेको छ । मेरो २ छोरीहरु पनि त्यही कार्यक्रममा परेका छन् । साथी नेपालले सहयोग गरेपछि मैले परिवार र मेरा छोरीहरु खुसी भएर राम्रो नम्बर ल्याएर पढिरहेका छन् । पहिला शिक्षाको महत्व थाहा नभएर पनि होला मेरो ठुलो छोराले पढ्न सकेन । अहिले आएर मेरो घरको आर्थिक अवस्थामा सुधार हुँदै आएको छ । घरको खेतीपाती र मैले गरेको परिश्रमले घर राम्रै चलेको छ । ६ महिना खान पुग्छ बाँकी ६ महिना बेसाएर खाईन्छ । आफ्नो आम्दानीबाट खासै बचत गर्न सकिदैन तर छोराको आम्दानी बचत हुने गर्दछ ।

मेरो घरको अवस्थामा विस्तारै सुधार आएको छ किनकी मेरो छोरा बिदेश गएर पैसा कमाएको छ । छोरीहरु पढेर ज्ञान हाँसिल गरेका छन । मैले किसानी र मजदुरी गरेर खर्च चलाएको छु । गाउँमा विभिन्न संघ संस्था बचत गर्ने अभियान त चलेको छ र मैले बुझ्दैछु । आगामी दिनमा बचत गर्ने बानीको विकास गर्नुपर्छ भन्ने लाग्छ । साथि नेपाल नामक संस्थालाइ धेरै धेरै धन्यवाद दिन्छु । नमस्कार

### ४.१.५ स्वास्थ्य स्थिति

मानव जीवनका महत्वपूर्ण पक्षहरु मध्ये स्वास्थ्य पनि एक हो । व्यक्ति स्वस्थ्य भयो भने पढ्न, आय आर्जन गर्न आदि कर्यहरु गर्न सक्दछन् । अध्ययन स्थलमा हेर्दा अहिले विरामि हुँदा अस्पताल जाने प्रचलन बढेको छ । रेडियो टि.भी. जस्ता संचारका माध्यम र सरकारी गैरसरकारी संस्थाहरुको प्रयासले गर्दा स्वास्थ्य सम्बन्धि चेतनाहरु बढ्दै गएको छ । अध्ययन क्षेत्रमा गई प्रश्न गर्दा विरामी हुँदा अस्पताल जानेहरुको संख्या पनि धेरै पाइयो । आफ्ना बच्चाहरुलाई खोप लगाउन अस्पताल लैजाने चलन अध्ययन क्षेत्रको सम्पूर्ण घरमा पाईयो । विभिन्न स्वास्थ्य शिविरहरुको फाईदा लिनेहरु पनि रहेछन् । सुत्केरी अस्पतालमा गराउने

चलनले पनि बढ्वा पाउँदै गएको छ तर स्वास्थ्य सम्बन्धि चेतना बढ्दै गएतापनि धामी झाँक्रि, फुकफाक, भूत प्रेत पिचाश लाग्ने डर जस्ता अन्धविश्वासी कुराहरुमा विश्वास गर्ने चलन हराइसकेको छैन । कतिपयमा घरमा गई हेर्दा फुकफाक गर्ने र औषधी पनि खाने दुवै प्रचलन छ । अध्ययन क्षेत्रका सार्की जातीको उत्तरदाताको उपचार पद्धति विवरण निम्नलिखित छन् ।

**तालिका ४.५ : उत्तरदाताको उपचार पद्धति विवरण**

| उपचार पद्धति | संख्या | प्रतिशत |
|---|---|---|
| अस्पताल /स्वास्थ्य चौकी | १९ | ६३.३३ |
| धामी झाक्रि | ११ | ३६.६७ |
| कतैपनि नगएका | ० | ० |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार, अस्पताल/स्वास्थ्य चौकी जाने १९ जना अर्थात ६३.३३ प्रतिशत रहेको छ । र धामी, फुकफाक, भूतप्रेत पिचाश लाग्ने डर जस्ता अन्धविश्वासी कुराहरुमा विश्वास गरी उपचार गर्ने को संख्या ११ जना अर्थात ३६.६७ प्रतिशत रहेको छ ।

**बैयक्तित अध्ययन - २**

म गंगा सार्की हुँ । (नाम परिबर्तन) मेरो श्रीमान १ छोरा र १ छोरी २ जना बच्चा र १ सासु आमा हुनुहुन्छ । श्रीमान मलेसियामा काम गर्नुहुन्छ । हालै मात्र जानु भएको हो । मेरो घर स्याङजा जिल्लाको पुतलीबजार नगरपालिकाको वार्ड नं. १२ को पेल्काचौर गा.वि.स चन्द्रकोट भन्ने टोलमा छ । घर टिनले छाएको १ तले कच्ची हो ।

म हिन्दु धर्मको अनुयायी हुँ । यस परम्परा अनुसार ठुलो जात सानो जात भन्ने चलन छ, विधालयमा, समाजमा अझै पनि अप्रतक्ष्य रुपमा भेदभाव गर्ने चलन छ । खुलेर टिकाएर, नामै भनेर त गर्दैनन तर कताकती गर्ने चलन अझै हट्न सकेको छैन । मन्दिरहरुमा सगैं पूजा गर्ने, मन्दिर छिरेर दर्शन गर्ने त गरेका छौं ।

पहिले हाम्रो पालामा विरामी पर्दा हेराउने, फूक्ने चलन थियो अहिले घर नजिकै स्वास्थ्य चौकी छ । त्यहाँ भएन भने हस्पीटल गएर उपचार गर्ने चलन छ । गाउँमा स्वयंसेविकाहरु घरमै आएर गर्व जाँच्ने, औषधीहरु दिने एवं सल्लाह दिने चलन पनि छ । मैले त २ वटा

बच्चा पाउन यो सेवा लिएँ ।

हाम्रो पालामा स्कुल गएर पढ्ने मौका जो कोहीले पाउँदैनथे । भाइबहिनीहरु हर्ने, दाउरा घाँस काट्ने खेतीपाती गर्ने चलनले पढ्न पाईन । मैले जम्मा ७ कक्षा मात्र पढेर छोडे । अहिले हरेक बालबालीकालाई अनिवार्य शिक्षाको निति लागू भएकोले मेरा छोराछोरी लगायत गाउँका सबैजना बच्चा विधालयमा जान्छन् ।

मेरा छोराछोरी मनोकामना मा.वि. सरकारी स्कूलमा अध्ययन गर्छन् । स्कूलबाट फर्केपछि गृहकार्य सकेर कहिले काही काममा सघाउँछन् । गाउँमा साथी नेपाल संस्थाले सहयोग गरेको पनि १० वर्ष पुगिसकेछ । मेरा छोराछोरी पनि त्यही कार्यक्रममा परेर सहयोग पाईरहेका छन् । त्यस कार्यक्रममा परेपछि छोराछोरीले पढ्दा लाग्ने खर्च बचत भएको छ ।

मेरो पेशा सिलाई कटाई पनि हो र घरमै एउटा पसल पनि राखेकी छु । पसलमा राम्रो ब्यापार पनि हुन्छ । श्रीमान बिदेश भएकाले बार्षिक ५०,००० आम्दानी पनि हुन्छ तर सबै खर्च हुन्छ । २ वटा लधुवित्तको कार्यक्रममा पनि छु । कुनै समयमा घर खर्चका लागि रु. ५,००० ऋण पनि लिएकी थिएँ ।

फूर्सदको समयमा अलि अलि खेतीपाती पनि गर्छु । त्यहीबाट उब्जेको अन्नले ४-६ महिना खान पनि पुग्छ । त्यहाँबाट पनि किन्न नपरेपछि केही पैसा बचत  हुन्छ । दशै, तिहार, चाडपर्व, पाहुना सत्कार विभिन्न पूजामा पनि केही रकम खर्च हुन्छ । त्यसका लागि भने ब्यापारबाट निर्वाह गर्छु ।

अहिले त मेरो जिवनमा धेरै परिवर्तन आएको छ । किनभने श्रीमान बिदेश, छोराछोरी पढ्ने, ब्यापार, थोरै खेतीपातीबाट केहि समय खान पुग्ने, समूह संस्थामा आवद्ध, साथी नेपालको छात्रवृती सहयोग र सानो परिवार भएका कारणले परिवर्तन भएको महसुश गरेकी छु ।

### ४.१.६ अन्य जातजातीले हेर्ने दृष्टिकोण वा छुवाछुतको स्थिति

नेपाल धर्म निरपेक्ष, गणतान्त्रिक मुलुक भएपनि हिन्दुहरुको बाहुल्यता भएको मुलुक हो । जातीय दृष्टिकोणबाट सार्की जातीलाई पानी अचल, दलित, तल्लो जातीको रुपमा लिइन्छ । उपल्लो जातीका मानिसहरुले सार्की जातीलाई छुनु नहुने, सार्की जातीले छोएको खान नहुने, मन्दिरमा पस्न नहुने, गाउँघरमा हुने विवाह आदि जस्ता कार्यहरुमा छुट्टै बस्नु पर्ने,

सार्वजनिक कुवा, धारा को प्रयोग गर्न नदिनु आदि असामाजिक क्रियाकलापहरु पाइन्छन । सार्की जातीलाइ अन्य जातजातीले हेर्ने दृष्टिकोणको विवरण निम्नलिखित छन् ।

**तालिका ४.६ : उत्तरदाताको छुवाछुतको स्थिति विवरण**

| **छुवाछुतको स्थिति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| पानिको धारामा | ५ | १६.६६ |
| बनभोज जांदा | १ | ३.३३ |
| खाजा खाने ठांउमा | ७ | २३.३३ |
| छुवाछुत भोग्नुनपरेका | १७ | ५६.६६ |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार, पनिको धारामा छुवाछुत  भोग्न परेका ५ जना अर्थात १६.६६ प्रतिशत रहेका  छन, बनभोज जाँदा छुवाछुत  भोग्न परेका १ जना अर्थात ३.३३ प्रतिशत र खाजा खाने ठांउमा छुवाछुत  भोग्न परेका ७ जना अर्थात २३.३३ प्रतिशत रहेका छन । ३० जना उत्तरदाता मध्ये १३ जना ले उत्तरदाताले मात्र छुवाछुत अवस्था भोगेको पाइयो भने बाँकी १७ अर्थात ५६.६६ प्रतिशतले पहिले पहिले छुवाछुतको अवस्था थियो अहिले खासै भोग्नुपरेको छैन भन्ने पाइयो ।

**बैयक्तित अध्ययन - ३**

मेरो नाम चन्द्र कुमारी मोची हो । (नाम परिबर्तन) मेरो घर स्याङजा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १२ पेल्काचौर भन्ने गाउँमापर्दछ । उक्त टोलको नाम तुलसीचौर हो । त्यस टोलमा थोरै दलितहरुको बस्ती छ भने धेरै गुरुङ जातीहरुको बस्ती छ ।म अहिले ५० बर्षकी भएँ । मेरा २ जना छोराछोरी र १ जना छोरा र सासु ससुरा हुनुहुन्छ । सासु र ससुरा दुबैजना अशक्तहुनुहुन्छ भने १ जना छोरीले पढ्न बिचमै छोडेकी हुदाँ मलाई काममा सहयोग गर्दछिन् । २ जना छोराछोरी पढ्दैछन् ।मेरो श्रीमान् भने १० वर्ष अगाडी स्वर्गवास जानुभयो । मेरो आफ्नै सानो टिनले छाएको घर गाउँमै छ । त्यही घरलाईलितपोत, टालटुल गरेर मन्दिर जस्तै मानेर बसेकी छु ।

हाम्रो समयमा कामकाजको लोभले गर्दा पढ्ने समय थिएन । कहिलेकाँही भागेर पढ्न गईन्थ्यो । त्यसरी नै पढ्दा पढ्दैबिचमा छोडेर बसियो । भाइबहिनी हैन पर्थ्यो, गाई भैसी चराउनु पर्थ्यो । घाँस दाउरा गर्नुपर्थ्यो । शिक्षाको महत्वको बारेमाथाहा थिएन । आज यस्तो दुःख भोग्नुपर्‍यो ।

समाजमा छुवाछुत सम्बन्धी भेदभाव गरीन्थ्यो । विशेषगरी साथीहरुबाट त्यो प्रहार व्यहोर्नुपर्थ्यो । प्रशासन र विध्यालयकाशिक्षकहरुबाट पनि भेदभाव हुन्थ्यो । डराएर नबोलीकन बस्न पर्ने बाध्यता थियो । जनचेतनाको अभावले गर्दा त्योसामाजिक पीडा सहेर बस्नुपर्थ्यो । अहिले त्यो अवस्था छैन । अहिले त मन्दिरमा गएर देवी देवताको पूजा पनि गर्न पाईन्छ। मन्दिरमा गएर दर्शन गर्न पनि पाईन्छ ।

हाम्रो परम्परागत पेशा गर्नुपर्थ्यो त्यो नै आम्दानीको श्रोत हुन्थ्यो । अहिले त जुन जातले पनि जे पेशा पनि गर्न सकिन्छ ।गाउँमा विभिन्न खालका सहकारी र लधुवित्त कार्यक्रम आएका छन् । ती संस्थाले तालिम दिन्छन्, बचत गर्न सिकाउँछन् ।मैले घरखर्चको लागि ऋण पनि लिएको छु । पहिले हाम्रो पालामा परम्परागत खेती गर्ने चलन थियो । आफूले गरेकोअन्नले खान पुग्दैनथ्यो । अहिले आधुनिक प्रणाली अनुसार खेती गर्दा हाम्रो घरमा ६ महिना खान पुग्छ ।

अहिलेको समयमा धेरै परिवर्तन आएको छ । शिक्षाको महत्व बुझेर नै मान्छेहरु धेरै फड्को मारीसकेका छन् । यो कुरालेमलाई मेलापातामा सुन्दा मन छोयो । म साहारा नभएकी एक्ली देखेर नै विद्यालयले सहयोग गर्ने चासो देखायो । गाउँमासाथी नेपाल भन्ने विधार्थीको

पढाईलाई सहयोग गर्ने संस्था आएको थाहा पाएँ । अहिले त्यही संस्थाले नै मेरा २ छोरा रछोरीलाई पढाईदिएको छ । त्यही सहयोगले नै मेरो ठुलो खर्च बचेको छ, त्यस संस्था प्रति म सन्तुष्ट छु । पढाई मात्रनभएर बिरामी परेमा त्यही संस्थाले उपचार पनि गर्ने गरेको छ । ती २ छोराछोरीले गृहकार्य भ्याएपछि घरको काममा सघाउँछन्, मैले बाहिरको काम गर्न पाउँछु ।

अन्तमा मलाई यो अवस्था सम्म ल्याउन सहयोग गर्ने विधालय परिवार, साथी नेपाल, बचत समूह, सामाजिक संघसंस्थाहरु र मेरा परिवारप्रति म आभारी छु ।

### ४.१.६.१ महिलाको स्थिति

सार्की जाती पितृसत्तात्मक पुरुष प्रधान समाज हो पैतृक सम्पतिमा छोरा को अधिकार रहने अधिकांश परिवारहरुमा सम्पति लोग्ने मानिसको नाममा हुने । निर्णय प्रक्रियामा पुरुषको स्वविवेक हुने घर व्यवहारमा कुनै पनि निर्णण पुरुषको सहमति विना गर्न नसक्ने हुँदा महिलाको अवस्था दयनीय छ । अध्ययन क्षेत्रका महिलाको स्थितिलाई विभिन्न बुदाँहरुमा उल्लेख गरिएको छ जुन यस प्रकार छ ।

### ४.१.६.२ निर्णय प्रकृया

यस समुदायमा घर व्यवहार गर्न, छोराछोरीलाई स्कुल पठाउन, कामकाज गर्न र गराउन, चल अचल सम्पति किनवेच गर्न पुरुष घरमूलिको एक्लो निर्णय नै अन्तिम हुने । महिलालाई सहभागि गराइदैन । वढेको छोराछोरीको विवाह गर्दा पनि छोराछोरीसँग नसोधि वावुले नै निर्णय दिन्छन् ।

### ४.१.६.३ राजनीतिमा सहभागिता

यस समुदायका महिलाहरुमा राजनितिमा सहभागिता त्यति थिएन । पुरुषले जुन पार्टी वा व्याक्तिलाई भोट दिन्छन् त्यसैमा भोट दिने प्रचलन महिलामा छ । आफ्नो खुसी मतदान गर्नेहरु अत्यन्तै कम छन् राजनितिक सहभागीतामा पनि पुरुष प्रधान रहेको पाइयो तर हालै सन्पन्न निर्वाचनमा दलित महिला सहभागिता अनिवार्य भएकोले राजनितिक सहभागीतामा बढेको छ ।

#### ४.१.६.४ स्वतन्त्र हिँडडुल

यस जातिका महिलाहरु पुरुषको सहमति विना कहिँ पनि हिँडडुल गरेको पाइदैन । घरमा पुरुष नहुँदा सासुको सहमतिमा वा कसैलाई खबर छाडेर हिँडडुल गरेको पाइन्छ ।

#### ४.१.६.५ सासु बुहारीको सम्बन्ध

सार्की जातीमा अन्य नेपाली जनजातिमा जस्तो महिला र पुरुष बिच मात्र भिन्नता नभई महिला महिला बिच पनि भिन्नता पाईन्छ । बुहारीलाई हरेक काममा सासुले बन्देज लगाउने प्रचलन  छ । तर कसै कसैमा भने एकल परिवारको आर्कषणले गर्दा महिलाहरुले स्वतन्त्र निर्णय गरेको पनि पाइन्छ । स्वतन्त्र रुपले हिँडडुल गर्दा अरु सँग बोल्दा सासुको दृष्टि बुहारीमाथि नराम्रो पर्ने कुरा अध्ययनबाट देखिएको छ ।

## ४.२ परिवार नियोजन

अध्ययन स्थलमा गई हेर्दा यस जातीका मानिसहरु परिवार नियोजन प्रति आर्कषण बढेको छ । विभिन्न चेतनामूलक कार्यक्रमको प्रभावले गर्दा परिवार नियोजनको स्थायी र अस्थायी साधन प्रतिको आकर्षण बढेको हो । जिल्ला अस्पताल नजिकै भएको र उक्त अस्पतालमा मातृशिशु सेवा कार्यक्रम संचालन भएकोले परिवार नियोजनको साधनको प्रयोगमा सहजता आएको हो । पुरुषहरुले कडा परिश्रम गर्नुपर्ने, घर बाहिरको काममा पढि समय दिनुपर्ने भएका कारणले महिलाहरुले परिवार नियोजनको साधन बढी प्रयोग गरेका हुन् । यस्तै समय समयमा संचालन हुने शिविरहरुले गर्दा पनि परिवार नियोजनको साधनहरुको प्रयोगमा सहजता आएको हो । महिलाहरुले ल्याप्रोस्कोपि, डिपोप्रोमेरा, पिल्स आदि र पुरुषहरुले भ्यासक्टोमी, कन्डम आदि प्रयोग गर्ने गरेको पाइन्छ ।

### ४.२.१ साँस्कृतिक पक्ष

सार्की जातीको पनि अन्य जातीको जस्तै विविध साँस्कृतिक पक्षहरु छन् । यस अर्न्तगत सार्की जातीका साँस्कृतिक पक्षहरु जस्तै जन्म संस्कार, अन्नप्राशन्न, विवाह, मृत्यु संस्कार, चाडपर्व, पूजाआजाहरु लगायत भेषभुषा, गरगहना, घरको वनावट भाडार्वतन आदिको अध्ययन गर्न खोजिएको छ ।

### ४.२.२ जन्म संस्कार

सार्की जातिको विभिन्न परम्पराहरु मध्य जन्म संस्कार पनि एक हो । प्रकृतिले नै महिलालाई बच्चा जन्माउन, हुर्काउन अनुमति दिएको छ । यस जातीमा महिलाले गर्भवति भएको बेलामा डोरी नाघ्न नहुने, ग्रहण हेर्न नहुने, मन्दिरमा जान नहुने जस्ता संस्कारहरु छन् । बच्चा जन्मेपछि आफ्नो कुल वंशका दाजुभाईहरुले सुतक बार्नु पर्ने मान्यता यस जातिमा पनि छ बच्चा जन्मिएपछि सामान्यतया छोरीको ५ दिन र छोराको ११ दिनमा न्वारन गरिने चलन छ । तर कुनै ठूलो चाडपर्व, कसैको विवाह र कोही नातेदार मर्न लागेको अवस्थामा आफन्तको सल्लाहमा चाँडै नै न्वारन गरेको अवस्थाहरु पनि पाइन्छ । न्वारनको दिन सुत्केरी आमा र बच्चालाई नुवाइधुवाई घर लितपोत गरी चोखो बनाईन्छ र पुरोहित वा आफ्ना भान्जा वा ज्वाँइ बोलाई बच्चाको नामाकरण गरिन्छ । बच्चाको नामाकरण भए पछि सुतक चोखिएको मानिन्छ ।

### ४.२.३ अन्नप्राशन

सार्की जातीको बच्चा जन्मिएपछि ५ देखि ६ महिनामा भात खुवाउने चलन छ । अध्ययन क्षेत्रका व्याक्तिहरु सँग बुझ्दा छोरोको ६ महिना र छोरीको ५ महिनामा भात खुवाउने चलन छ । अन्नप्राशन्नलाई कसैले पास्नी, भातखुवाइ गर्ने जस्ता शब्दहरुको सम्बोधन गर्दछन् । अध्ययन क्षेत्रमा भात खुवाउने शब्द बढी प्रचलित छ । भात खुवाउने बेलामा आ-आफ्नो गच्छे अनुसार नातागोता, इष्टमित्रहरुलाई बोलाउने चलन छ । उक्त दिन बच्चालाई नयाँ लुगा लगाई सकेसम्म घरको जेष्ठ सदस्यबाट भात खुवाउने चलन छ । कसैकसैमा यो विधि गर्दा कस्को हातबाट जुर्छ भनेर जुराउने चलन पनि छ । भात खुवाइएको समयमा मावलि पटिको पनि विशेष महत्व हुन्छ । मावलि घरबाट कोसेलिहरु लिएर आउने चलन छ । यसमा आ-आफ्नो गच्छे अनुसार आफन्त, नातागोता, इष्टमित्रहरु बोलाई भोज खुवाउने चलन पनि छ ।

### ४.२.४ विवाह

विवाह एउटा सामाजिक साँस्कृतिक संस्था हो । विवाहबाट नै मानिसलाई यौन सम्पर्कको अनुमति समाजले दिन्छ । सृष्टिको निरन्तरता पनि विवाह नै हो । हरेक समाजमा विवाह हुन्छ तर धार्मिक तथा साँस्कृतिक प्रचलन भने फरक हुन्छ । अध्यनक्षेत्रका सार्की जातीको उत्तरदाताको विवाह किसिम विवरण निम्नलिखित छन्

**तालिका ४.७ : उत्तरदाताको विवाह किसिमको स्थिति विवरण**

| विवाह किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| मागी विवाह | २३ | ७६.६७ |
| प्रेम विवाह | ५ | १६.६७ |
| अन्तरजातीय विवाह | १ | ३.३३ |
| विवाह नगरि बसेको | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण ,२०७४*

माथिको तालिका अनुसार, मागी विवाह गर्नेको संख्या २३ जना अर्थात ७६.६७ प्रतिशत, प्रेम विवाह गर्नेको संख्या ५ अर्थात १६.६७ प्रतिशत, अन्तरजातीय विवाह गर्ने १ जना अर्थात, ३.३३ प्रतिशत, विवाह नगरि बसेको पनि १ जना अर्थात, ३.३३ प्रतिशत पाइयो ।

अध्ययन क्षेत्रका सार्की जातीहरुमा विशेष गरी मागी विवाहको प्रचलन वढी छ । तर हिजोआज प्रेम विवाह, अन्तरजातिय विवाह आदिको प्रचलन पनि नबढेको होइन ।

सार्की जातीका केहि विवाहहरुलाई अध्ययन क्षेत्रको आधारमा निम्नानुसार उल्लेख गरिएको छ ।

**क) मागी विवाह**

उमेर पुगेका केटाकेटीहरुको उनिहरुको अभिभावकको सल्लाह र सहमतिमा गरिने विवाह नै मागी विवाह हो । यस्तो किसिमको विवाहामा वावु आमा वा अभिभावकले केटा केटी हेरेर विवाह गरिदिन्छन् । अध्ययन क्षेत्रमा गई हेर्दा मागी विवाहको प्रचलन बढी पाइन्छ । यसमा केटाकेटी हेरि विवाहको दिन निश्चित गरि उक्त दिन दुलाहा पक्षले जन्तिलिई दुलहिको घरमा जान्छन् । पुरोहितद्वारा कर्म गराई वेहुली अन्माएर वेहुलाको घरमा भित्र्याइन्छ । विवाहमा आ-आफ्नो नातागोता इष्टमित्रहरुलाई बोलाई भोज खुवाइन्छ । विवाह गर्दा आफ्नो नाता सम्बन्ध भित्र गरिदैन ।

**ख) चोरी विवाह**

यस्तो विवाहमा केटाकेटी बाबु आमाको सहमति नलिकन आफूखुसी विवाह गर्दछन् । चोरी विवाहको सुधारिएको रुप प्रेम विवाह हो भन्दा पनि हुन्छ । यस्तो विवाहले हिजो आज प्रश्रय पाईरहेको छ । अध्ययन क्षेत्रमा गई हेर्दा यस्तो विवाह पनि देखिन्छ । त्यस्तै अन्तरजातिय

विवाह गर्ने जोडि पनि देखिएका छन् । अध्ययन क्षेत्रमा १ जोडीले अर्न्तजातिय विवाह गरेका छन् ।

**ग) जारी विवाह**

अर्काकी श्रीमति कसैले भगाइ लगि आफ्नो श्रीमति बनाएमा पहिलाको श्रीमानलाई विवाहमा लागेको रकमको केहि खर्च वापत केहि रकम तिर्दछन भने त्यसलाई जारी विवाह भनिन्छ । अध्ययन क्षेत्रमा गई शोधखोज गर्दा पुराना मानिसहरुवाट जारी विवाहको कथा सुनिन्छ तर हाल गर्नेहरु देखिदैनन् ।

**घ) विधुवा विवाह**

विवाहित श्रीमति श्रीमानको मृत्यु भएमा विधुवा हुन्छे र विवाहित श्रीमान श्रीमतिको मृत्यु भएमा विदुर हुन्छ । अध्ययन क्षेत्रमा गई हेर्दा विधुवा महिलाको पुनः विवाह भएको पाइदैन तर श्रीमति मरेका विदुरहरुले आफ्नो घरधन्दा चलाउन तथा व्यवहार नविगार्न पुन : विवाह गरेको देखिन्छ ।

सार्की जातीहरुको विवाह पद्धति हेर्दा आफ्ना नाता, एउटै गोत्रका र अन्य जातीसँग विवाह गर्न बन्देज छ ।

### ४.२.५ मृत्यु संस्कार

संसारका जिवित वस्तुहरुको एउटा साझा गुण मृत्यु हो । मानीस पनि जीवित वस्तु नै भएकोले मृत्यु निश्चित छ । संसारका मानिसहरु विभिन्न धर्म र संस्कृतिमा विभाजित भएकाले हरेकमा आ-आफ्नै मृत्यु संस्कार पाइन्छ । अध्ययन क्षेत्रका सार्की जातीहरु हिन्दु धर्मावलम्बि भएकाले मृत्यु संस्कार पनि हिन्दु विधि अनुसार नै गरिएको पाइन्छ । यस जातीका कोहि मानिस मरेमा आँगनमा लिपपोत गरि राखिन्छ । आ-आफ्नो बन्धु, नातागोता, छरछिमेकी, इष्टमित्रहरु जम्मा भई लासलाई घाटमा पुऱ्याइन्छ । जेठो छोराले दागबत्ती दिने चलन छ । हिन्दु संस्कारमा मानिसको सास घर भित्र नजाओस् भन्ने मान्यता यस जातीमा पनि छ । त्यसैले मानिस मर्न लागेमा सकेसम्म बाहिर निकाल्ने चलन छ । लास जलाई सकेपछि छोरा हुनेले घाटमै कपाल खौरी सेतो बस्त्र लगाई मलामी सँगै घर फर्कि १३ दिनसम्म क्रिया बस्ने, घर परिवार र आफ्ना नजिकका दाजुभाईहरुले नुन नखाने चलन छ । लोग्ने मानिस मरेमा उसका श्रीमति समेत छोरोहरुले र स्वास्नी मानिस मरेमा छोराहरुले

मात्र वर्षभरी सेतो लुगा लगाउने चलन छ । तर समयको परिर्वतनसँगै विभिन्न पेशामा संलग्न भएको कारणले सेतो लुगा लगाउन असजिलो महसुस गर्नेहरुले १३ दिन पछि आवश्यकता अनुसार सेतो लुगा नलगाउने चलन पनि छ । मानिस मरेको एक वर्ष पछि वरखि गर्ने चलन छ । मृत शरीरको क्रियाकर्म राम्रो गरि नगरेमा मृतआत्माले दुःख दिन्छ भन्ने मान्यता यस जातिमा छ ।

### ४.२.६ चाडपर्वहरु

विविध जातीका विविध चाडपर्वहरु भए जस्तै सार्की जातीको पनि विभिन्न चाडपर्वहरु छन् । यस जातीले पनि रमाइलो गरी चाडपर्वहरु मनाउँछन् । यस जातीका चाडपर्वहरुमा विषेश गरी साउने संक्रान्ति, तिज, दशै, तिहार, माघे संक्रान्ति आदि छन् । साउने संक्रान्ति, दशै, माघे संक्रान्तिमा मासुको वढी प्रयोग हुन्छ । उक्त चाडपर्वहरुको लागि मासुको व्यवस्था अगाडी नै गरिएको हुन्छ । तिहारमा मासु सँगै रोटीको प्रयोग गरिन्छ । दशै तिहार जस्ता ठूला चाडपर्वहरुमा घर बाहिर रहेका सदस्यहरु घरमै आउनु पर्दछ भन्ने मान्यता पनि छ । यसर्थ ठूला चाड भेटघाटको माध्यम पनि हो । चाडपर्वमा जाड तथा रक्सीको प्रयोग बढि गर्ने गरेको पाइन्छ ।

### ४.२.७ पूजा

सार्की जातीहरु हिन्दु धर्मावलम्बी भएकाले हिन्दु धर्मका देविदेवताहरु प्रतिको विश्वास यस जातीमा पनि रहेको छ । भगवान खुसीभएमा पापवाट मुक्त हुइन्छ, स्वर्गमा बास हुन्छ, दैनिक व्यवहारहरुमा समस्याहरु हुँदैनन् भन्ने धारणाहरु यस जातीमा पाइन्छ । यी कारणहरुले गर्दा यिनिहरु विभिन्न देवदेविहरुको पूजाआजा गर्दछन् । दैनिक व्यावहारमा अप्ठ्याराहरु पर्दा भगवानको नाममा विभिन्न पशुपन्छिहरुको भाकल गर्ने, दर्शन गर्न आउछु भन्ने बाचा गर्ने चलन यस जातीमा छ । यिनीहरु पूजा गर्दा ब्राम्हण पुरोहित वा आफ्ना भान्जा वा ज्वाई आदिबाट पूजाआजा गराउँछन् ।

### ४.२.८ भाषा

मानिसको अन्य प्राणीहरु भन्दा सर्वश्रेष्ठ हुनुको मुख्य कारण प्रष्ट भाषा हो भाषा कै माध्यमबाट मानिसले विचारहरुको आदानप्रदान एक अर्कामा पुऱ्याउँछन् । यस जातीको आफ्नै कुनै जातीय मातृभाषा छैन, ब्राम्हण, क्षेत्रीहरुको जस्तै नेपाली नै मातृभाषा रहेको छ

तर कुनै परिवारले गुरुङ जातिको बाहुल्यताको कारण गुरुङ भाषाको प्रयोग गर्ने गरेको पाइयो ।

### ४.२.९ भेषभुषा

कुनै पनि व्यक्तिको लवाई खुवाई र भेषभुषालाई भौगोलिक क्षेत्रले ठूलो प्रभाव पारेको हुन्छ । यस जातीको भेषभुषामा पनि भौगोलिक क्षेत्रको  प्रभाव परेको छ । यिनीहरुको भेषभुषा पनि समाज परिर्वतन सँगै बद्लिएको पाइन्छ । सार्की जातीको पोशाकमा पनि मौसम, उमेर, आर्थिक स्तर आदिले प्रभाव पारेको हुन्छ । पुराना विशेष गरी वृद्ध पुरुषहरु कुर्ता सुरुवाल, टोपी, जुता चप्पल आदि लगाउछन् । वृद्ध महिलाहरु सारी, चोलो आदि लगाउँछन् युवायुवतीहरु सर्ट, पाइट, टि-सर्ट कुर्था सुरुवाल, जुत्ता चप्पल जस्ता आधुनिक डिजाइनका पोशाकहरु लगाउन मन पराउँछन । जाडो महिनामा कोट, स्वीटर, गलबन्दि, ज्याकेट आदिको प्रयोग पनि गर्छन । पोशाकहरुको प्रयोगमा आर्थिक श्रोतले प्रभाव पारेको हुन्छ । कतिपयले आर्थिक अभावले गर्दा चाहेर पनि आधुनिक पोशाकहरुको प्रयोग गर्न पाएका छैनन् । सस्ता चिनियाँ पोशाकहरुले आधुनिक भेषभुषामा प्रशस्त प्रभाव पारेको छ । यस ठाउँको मानिसहरुको भेषभुषा अन्य ठाउँको मानिसहरुको जस्तै समान्य छ ।

### ४.२.१० गरगहना

गरगहना बढी मात्रामा महिलाले प्रयोग गरेको पाइन्छ । गहनाको प्रयोगमा आर्थिक स्रोतले प्रभाव पारेको हुन्छ । अर्थात गहनाको प्रयोग गच्छे अनुसार भएको पाइन्छ । यस जातीको आफ्नै जातीय पहिचान दिने खालको गहनाहरु छैनन् । केही आर्थिक रुपले सम्पन्नहरुले घाँटीमा सिक्रि, औलामा अंगुठी, कानमा कुन्डल, नाकमा फूली आदि गहनाहरु र विवाहितले पोते, तिलहरी लगाउँछन । चाडपर्वहरुमा महिलाहरुमा गहनाको प्रयोग बढेको पाइन्छ ।

बढ्दो गहनाको कारणले अस्वस्थ्य वातावरण पनि सृजना गरेको छ । कतिपय धार्मिक, सामाजिक कार्यहरुमा गहना छैन भनेर नै चाहेर पनि जान नसकेको कुराहरु पनि सुनिन थालेको छ । सुनको मूल्यमा भएको वृद्धिले चोरी डकैतीको त्रास पनि उब्जेको छ । हिजो आज सुनको जस्तै रङ्ग भएका गहना प्रयोगमा वृद्धि आएको छ ।

### ४.२.११ भाँडावर्तन

यस जातीले प्रयोग गर्ने भाँडावर्तनहरु अन्य जातीले प्रयोग गर्ने जस्तै छ । समयको परिवर्तनहरुसँगै भाँडावर्तनको प्रयोगमा पनि परिवर्तन आएको देखिन्छ । पहिले, पहिले प्रयोग हुने सिल्भर, ढलोटको ठाउँमा नयाँ नयाँ स्टिल आदिका भाँडाहरुको प्रयोग गर्ने गरेको देखिन्छ । गाग्री, प्रेसरकुकर, फलामको कराई, स्टिलको थाल, गिलास आदिको प्रयोग भई आएको छ ।

**बैयक्तित अध्ययन- ४**

मेरो नाम हित कुमारी मोची हो । (नाम परिबर्तन) मेरो घर स्याङजा जिल्लाको पुतलीबजार नगरपालिकाको वाड नं. १२ साबिक पेल्काचौर गा.वि.स मा पर्छ । मेरो घरमा ७ जना परिवार बस्दै आएका छौं । २ जना साासुससुरा, १ जना नन्द, २ जना छोराछोरी र १ जना श्रीमान संगै बस्दछौं ।

हाम्रो घरमा आर्थिक अवस्था ज्यादै कमजोर छ । हाम्रो मुख्य पेशा भनेको कृषि र ज्यालादारी  हो । घरमाजम्मा ३ महिना मात्र खान पुग्छ भने बाकी ९ महिना ज्यालादारी गरेर निर्वाह गर्दछौ । ज्यालादारी गरेरकमाएको पैसाले लताकपडा, चाडपर्व र औषधी उपचार, केटाकेटीको शिक्षा र मुश्किलले हातमुख जोड्नेव्यवस्था गर्दै आइरहेका छौं ।

गाउँमा १ तले टिनको घर मात्र रहेकोले जाडो महिनामा रात काट्न मुश्किल पर्छ भने चैत्रको खडेरी रहावा हुरीको समयमा उडाइदेला भन्ने डरले ढुक्कसँग सुत्न पनि गाह्रो पर्छ । गाउँमा अझैपनिछुवाछुतको व्यवहार गरिन्छ । गाउँमा ब्राम्हण, क्षेत्री र गुरुङहरुको अदम्यताको कारण भेदभाव गरिन्छ ।यस्तो साामाजिक विकृतिको विरोध कसैले पनि गर्न सक्दैनन् । गाउँमा शिक्षाको महत्व बुझन गाह्रो छ ।कसैले पनि उच्च शिक्षा अध्यन गर्न सक्दैनन् । गरिबीको कारणले समयमै अधुरो पढाई छोडनुपर्ने बाध्यता छ ।

गाउँमा स्वास्थ्य चौकी त छ तर बिरामी परियो भने उपचार पाउँन  सकिन्छ । ठुलो उपचार गर्नकालागि पोखरा काठ्माडौं जाने पैसा नहुनाले अकालमा ज्यान गुमाउनेको संख्या पनि छ । गाउँमा धेरैलघुवित्तका बैंकहरु र सहकारीहरु त छन् तर बचत गर्ने जनचेतनाको अभाबले बचत गर्न सकिएको छैन।

भर्खर मात्र मेरा श्रीमान साहुको ऋण काढेर विदेश जानुभएको छ । श्रीमानले कमाएको

पैसाले साहुकोऋण तिर्न बाकी नै छ । अन्य खर्च गर्न त परै जाओस् । हामीहरु गरिब भएको कारणले गर्दा धर्मकानाममा मानिसहरुलाई रोग लागेपछि यशुको प्रार्थनाले रोग निको हुन्छ भन्ने अन्धविश्वासले क्रिश्चयनधर्म मान्ने गरेकी छु । गाउँमा धेरै जनाले यही धर्म मान्ने गर्दछन् । हप्ताको १ चोटी चर्चमा प्रार्थना गर्नपनि गइन्छ ।

गाउँमा पोखराबाट साथी नेपाल भन्ने संस्था आएको पनि ९ वर्ष भइससकेछ । बल्ल थाहा पाएपछिविद्यालयमा गई अनुरोध गरे । गरिबी कै कारणले गर्दा विद्यालयले मेरा २ जना बच्चाहरुलाई कार्यक्रममा राखीदिनुभएको छ । अहिले मलाई सजिलो भयो । बच्चाहरु पढ्ने खर्च बचत भयो । म त्यो साथी नेपालसंस्थाप्रति हार्दिक धन्यबाद र अत्यन्त सन्तुष्ट छु ।

अन्तमा मेरा पीडा र दुःखी जीवन प्रति घृणा त गर्न सक्दिन तर संघर्ष गर्दै बाँचीरहेकी छु । मेरापरिवारहरु खुसी नै छन् । समाजले पनि राम्रै दृष्टिले हेर्दछ ।

# अध्याय पाँच

# सार्की जातिको आर्थिक पक्ष

कुनै पनि समाजको समुन्नत विकास गर्न त्यस समाजको आर्थिक विकास हुनपर्दछ । मानिसको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आधाभूत आवश्यकताहरु देखि साँस्कृतिक मूल्य मान्यता, रितिरिजाज, परम्परा आदि कुराहरुमा आर्थिक पक्षको ठूलो भूमिका रहन्छ । समाज स्तरीकृत आर्थिक कारणबाट नै हुन्छ । आर्थिक कारणले मानिसहरु देश विदेश भौतारिरहेका हुन्छन ।

यस अर्न्तगत सार्की जातीको आर्थिक अवस्थासँग सरोकार राख्न प्रमूख भूमिका खेल्ने तत्वहरु पेशा, भूस्वामित्व, वार्षिक आम्दानी, खर्च, ऋण तथा बचत आदिको चर्चा गरिएको छ ।

## ५.१ पेशा

**तालिका ५.१ : पेशाको आधारमा सार्की जातकिो विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि/कपडा सिलाइ | १९ | ६३.३३ |
| नोकरी | ६ | २० |
| श्रमिक, ज्याला, मजदुरी | ५ | १६.६७ |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

जाती व्यवस्थामा आधारित समाजको एउटा विशेषता नै परम्परागत पेशा हो । नेपालका चार जात ब्राम्हण, क्षत्रि, वैश्य र शुद्रको आ-आफ्नै परम्परागत पेशा छ । तर हालको आधुनिक समाजमा आफ्नो ज्ञान सीपमा आधारित पेशामा समाजिक मान्यता पाउन थालेपछि परम्परागत पेशा बिस्तापित हुदै गएको छ । यस जातीको परम्परागत पेशा जुत्ता सिउने, छालाको काम गर्ने पेशा अध्ययन क्षेत्रमा गई हेर्दा कसैले गरेको देखिदैन् । अध्ययन क्षेत्रमा अधिकांश मानिसहरु  कृषि/सिलाइ पेशामा लागेको पाइयो जसअन्तरगत १९ जना

अर्थात ६३.३३ प्रतिशत कृषि/सिलाइ पेशामा, ६ जना अर्थात २० प्रतिशत नोकरी गरेको पाइयो र श्रमिक, ज्याला, मजदुरी आदि गर्नेहरु ५ जना अर्थात १६.६७ प्रतिशत भेटियो ।

## ५.२ भू-स्वामित्व

नेपाल एक कृषि प्रदान देश भएकाले कृषि पेशाका मानिसहरुमा कृषि उत्पादनका लागि जग्गा जमिनको स्वामित्वबाट नै धनि र गरीबको मापन गरिन्छ । अर्थात जो सँग जमिन बढी छ उ धनि र जो सँग जमिन कम छ उ गरिब भन्ने चलन छ । अध्ययन क्षेत्रका मानिसहरु अर्काको खेतबारी बट्टैया गर्ने गर्दछन जसले गर्दा उनिहरुमा जसले बढि जग्गा बट्टैया गर्न पाउँछ उ बढि सम्पन्न देखिने प्रचलन पनि छ । तर हाल शिक्षाको चेतनाको बिस्तारले गर्दा रोजगारीका अन्य अवसरहरु प्राप्त भइरहेको हुनाले अँधिया बट्टैया प्रथा कम हुँदै गइरहेको छ ।

नेपाल सरकार नापी विभागले वर्गीकरण गरेको अब्वल, दोयम, सिम र चाहार मध्य अब्बल दर्जाको जमिन यस क्षेत्रमा छैन । भू-स्वामित्वको आधारमा उत्तरदाताको विवरण निम्नलिखित छन् ।

**तालिका ५.२ : भू-स्वामित्वको आधारमा सार्की जातीको विवरण**

| जग्गाको विवरण कठ्ठामा | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा विहिन | - | - |
| १-५ हल | १ | ३.३३ |
| ५-१० हल | २ | ६.६७ |
| १० हल माथि | १७ | ५६.६७ |
| अधिया/बन्धकी कमाउने | १० | ३३.३३ |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको विवरण अनुसार सर्वेक्षण गरिएका ३० घरधुरिहरु मध्ये जग्गाविहिन कोहि पनि देखिएन । १ देखि ५ हल सम्म जग्गा भएका १ घरधुरी अर्थात ३.३३ प्रतिशत, ५ देखि १० हल जग्गा भएका २ घरधुरि अर्थात ६.६७ प्रतिशत, १० हल देखि माथि सम्म १७ घरधुरि अर्थात ५६.६७ प्रतिशत देखियो र अधिया/बन्धकी कमाउने १० घरधुरि अर्थात ३३.३३ प्रतिशत देखियो ।

हरेक घरधुरीसँग केहि न केहि जग्गा भए पनि परम्परागत खेति प्रणाली, रासायनिक मलको बढी प्रयोगको चलनले गर्दा आम्दानी भन्दा खर्च बढी लाग्ने, आधुनिक प्रविधिको ज्ञानको अभाव आदिले गर्दा प्रयाप्त आम्दानी लिन सकिरहेको अवस्था छैन । जसले गर्दा गाउँका अन्यका जमिन अंधिया गर्ने, कृषि मजदुरी गर्ने आदि कामहरु गर्ने गर्दछन् ।

त्यस्तै जग्गामा धानबालि भन्दा वढी आम्दानी हुने अन्य वालिहरु जस्तै मौसमी, बेमौसमी तरकारिहरु आदि बालीहरु लगाउन सिकाउने चेतना मूलक कार्यक्रमहरु चलाउन सके उनिहरुसँग भएको जग्गावाट पर्याप्त आम्दानी लिन सक्ने देखिन्छ ।

## ५.३ खाद्यन्नको पर्याप्तता

यस क्षेत्रमा उर्वरायोग्य पर्याप्त जमिनहरु नभएकै कारणबाट खाद्यन्नमा अप्रयाप्ताको स्थिति आएको हो । यस्तो अवस्थाबाट वच्न आफ्ना गाउँका बाम्हण, क्षेत्री परिवारका जमिनहरु अंधिया गर्ने प्रचलन चलेको छ । समयको परिर्वतनसँगै समाजमा आएको परिर्वतनले अ आफ्नो पेशामा पनि परिर्वतन गर्दै आएका छन् । जस अर्न्तगत वैदेशिक रोजगार, दैनिक मजदुरी, कृषि उपजहरुको व्यापार गर्ने आदि पेशाहरु छन् । यी पेशाहरुबाट नगद आम्दानीमा वृद्धि भएको छ । जसको कारण खाद्यन्न किन्ने प्रचलन शुरु भएको छ ।

यस्तै खेति गर्ने परम्परागत प्रणाली, जाँड रक्सीको बढ्दो प्रयोग, फजुल खर्च आदिले प्रभाव परेको छ । अध्ययन क्षेत्रका सार्की समुदायहरुमा रहेको खाद्यन्नको प्रयाप्ततालाई घरधुरी संख्याका आधारमा  निम्नअनुसार तालिकामा देखाएको छ ।

**तालिका ५.३ : खाद्यन्नको पर्याप्तताको विवरण**

| खान पुग्ने अवधि | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| ०-३ महिना | १० | ३३.३३ |
| ३-६ महिना | १७ | ५६.६७ |
| ६-९ महिना | ३ | १० |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार आफ्नो जमिनको उत्पादनवाट १० घरधुरी वा ३३.३३ प्रतिशत लाई ३ महिना, १७ घरधुरीलाई वा ५६.६७ प्रतिशतलाई ३-६ महिना र ६-९ महिना सम्म

खान पुग्ने ३ घरधुरी वा १० प्रतिशत खान पुग्ने देखिन्छ । यसवाट के प्रष्ट हुन्छ भने आफ्नो जमिनको उत्पादनबाट कसैलाई पनि वर्षभरि खान पुग्दो रहेनछ ।

## ५.४ बार्षिक आम्दानी

कृषि नै प्रमुख पेशा बनाई आएका सार्की जातीहरुसँग प्रयाप्त उव्जाउ जमिन नभएका कारण आर्थिक रुपमा पिछडिएर वसेका छन् । समाजमा आएको परिवर्तन सँगै विभिन्न वस्तु तथा सेवाको माग बढिरहेको क्रममा आँफूलाई पनि समय सापेक्ष वनाउन विभिन्न वस्तु तथा सेवाको माग वढीरहेको क्रममा आँफूलाई पनि समयसापेक्ष बनाउन विभिन्न वैकल्पिक पेशाहरु रोज्न यो जाती बाध्य छ । यस क्षेत्रका सार्कीहरु विविध पेशाहरुको माध्यमवाट कोहि कोहिको जीवनस्तर राम्रो देखिन्छ । सार्की जातीको वार्षिक आम्दानीको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ : उत्तरदाताको वार्षिक आम्दानीको विवरण**

| रकम रु. | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १०००-२५००० सम्म | १० | ३३.३३ |
| २५०००-५०००० सम्म | ८ | २६.६७ |
| ५०००० भन्दा माथि | १२ | ४० |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत विवरण, २०७४*

माथिको तालिकाको अध्ययन गर्दा रु. १००० देखि २५००० सम्म कमाउने परिवार संख्या १० जना वा ३३.३३ प्रतिशत, रु. २५००० देखि ५०००० सम्म कमाउने परिवा संख्या ८ जना वा २६.६७ प्रतिशत र रु. ५०००० भन्दा बढी कमाउने परिवार संख्या १२ जना वा ४० प्रतिशत देखिन्छ । यी तालिकाको अध्ययनबाट के देखिन्छ भने आदि ५० प्रतिशत घर परिवारलाई आधारभूत आवश्यकता परिपुर्तिको लागि संघर्ष नै गर्नुपर्ने देखिन्छ । रु. २५००० देखि ५०००० सम्म कमाउनेहरुमा सामान्य गाउँ घरमा तरकारि, फलफूल व्यापार गर्ने ज्याला मजदुर गर्ने सामान्य खेतिपाती गर्नेहरु पर्दछन् त्यस्तै रु. ५०००० भन्दा बढी कमाउनेहरुमा सरकारी, गैरसरकारी क्षेत्रमा कार्यरत, वैदेशिक रोजगारीमा जानेहरु आदि पर्दछन् ।

## ५.५ वार्षिक खर्च

कुनै पनि व्याक्तिको परिवारको खर्चको सम्बन्ध त्यस व्यक्ति वा परिवारको आम्दानीसँग प्रत्यक्ष रुमामा रहेको हुन्छ । आम्दानी धेरै भयो भने खर्च गर्ने प्रवृति वढ्छ । अध्ययन क्षेत्रमा गई हेर्दा धेरै आम्दानी गर्ने व्यक्ति तथा परिवारको जीवनशैलि माथिल्लो देखिन्छ । नेपलमा बसोबास गर्ने परिवारको खर्चको विवरण निकाल्न गाऱ्हो हुन्छ किनकि परिवारिक बजेट बनाउने प्रचलन छैन् । आँफुसँग पैसा भए खर्च गर्ने नभए नगर्ने अप्ठ्यारो पर्दा सापटी लिने चलन हाम्रो देशमा छ । अध्ययन क्षेत्रमा पनि त्यहि प्रचलन छ । अध्ययन क्षेत्रका ३० घरपरिवारको खर्चको विवरण मोटामोटी तल प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : उत्तरदाताको खर्च विवरण**

| रकम रु. | संख्या | प्रतिशत |
|---|---|---|
| १000-२५000 | १० | ३३.३३ |
| २५000-५0000 | ८ | २६.६७ |
| ५0000 भन्दा माथि | १२ | ४० |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका अनुसार अध्ययन गरिएको १० घर परिवार रु. २५000 सम्म खर्च गर्न सक्ने परिवार संख्या ८ वा ३६.६७ प्रतिशत रु. २५000 देखि ५0000 सम्म खर्च गर्ने संख्या १२ वा ४० प्रतिशत र रु. ५0000 भन्दा माथि खर्च गर्न सक्ने रहेको छ । आम्दानी बढी हुनेहरु वचत गर्ने, आधुनिक उपकरणहरुको उपभोग बढि गर्ने, जीवनशैलि आधुनिक बनाउने वा परिर्वतन गर्न खोज्ने देखिन्छ तर उत्तरदातासँग कुरा गर्दा कमाइ प्राय खर्च गर्ने गरेको पाइयो बिदेश भएका छोराछोरीको कमाइ बचत नगर्ने र घर ,आगन, छाना निर्माण गर्न प्रयोग गरेको पाइयो ।

## ५.६ बचत तथा ऋण

सार्की जातीको आर्थिक स्थिति अन्य जातीको तुलनामा कमजोर नै छ । यीनिहरुको परिवारको संख्या र आम्दानीको स्रोतलाई हेर्दा बचत गर्ने सम्भावना कम छ । यस क्षेत्रमा विभिन्न बचत समूह, सहकारी आदिको स्थापनाले केहि मात्रामा बचतको बानी बसालेको

छ । उक्त बचत समूह, सहकारी आदिमा मासिक बचत गर्दा कम ब्याजमा ऋण पाइने हुनाले मानिसको आकर्षण बढेको पाइन्छ तर बचत गरेको पाइएन ।

अध्ययन क्षेत्रका सार्की जातीको ऋणको अवस्था हेर्दा धेरै जसोले घर खर्च, विवाह, वैदेशिक रोजगारीमा जाने आदि काममा लिने गरेको देखिन्छ । फजुल खर्च गर्ने बानी, विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यमा धेरै खर्च गर्दा सामाजिक प्रतिष्ठा बढ्छ भन्ने सोचाईले पनि ऋण वृद्धि भएको देखिन्छ । ऋण लिन कृषि विकास बैंक, विभिन्न वाणिज्य बैंकहरुको स्थापनाबाट पनि ऋण लिनेहरुको संख्या बढेको छ । ऋण लिने क्रम सँगै ऋण तिर्न गाऱ्हो भएको समस्या सबैमा छ । उत्तरदाताको ऋणको विवरणहरुलाई निम्न तालिकाको माध्यमबाट देखाइएको छ ।

**तालिका ५.६ : उत्तरदाताको ऋणको विवरण**

| ऋण लाग्नुको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| विवाह | ४ | १३.३३ |
| घरखर्च | १३ | ४३.३३ |
| वैदेशिक रोजगार | ४ | १३.३३ |
| ऋण नभएको | १० | ३३.३३ |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका हेर्दा विवाहको लागि ऋण लिने परिवारको संख्या ४ वा १३.३३ प्रतिशत, घर खर्चको लागि ऋण लिने परिवारको संख्या १३ वा ४३.३३ प्रतिशत र वैदेशिक रोजगारको लागि ऋण लिने ४ वा १३.३३ प्रतिशत परिवार संख्या रहेको छ ।

माथिको तालिका अनुसार वैदेशिक रोजगारका लागि ऋण लिनेहरु अर्न्तगत ऋण लिनेहरु सबैभन्दा बढी ब्याज तिर्नेहरुमा पर्दछन् ।

## ५.७ आधुनिक उपकरण

सार्की समुदायको आम्दानीको श्रोत बढ्दै गएपछि समयअनुसार बजारमा आएका आधुनिक उपकरणहरुको प्रयोग पनि वढिरहेको छ । आधुनिक उपकरणहरुको प्रयोग बढ्नुको प्रमुख कारण सस्ता चिनियाँ सामानले गर्दा पनि हो भन्न सकिन्छ । यस्तै शिक्षा चेतना आदिले मानिसको सोचमा आएको परिर्वतनले पनि विभिन्न आधुनिक उपकरणहरुको प्रयोग बढाएको

हो । केही घरहरुमा डि.टि.एच. एन्टिना तथा डिक्स टेलिभिजनको प्रयोगबाट कार्यक्रम हेरेको पनि पाइयो अध्ययन क्षेत्रका सार्की जातीहरुमा गरिएको आधुनिक उपकरणको प्रयोग सम्बन्धि अध्ययन अनुसार टेलिभिजन १० घर परिवारसँग, मोटर साइकल ३ जनासँग, मोवाइल ३० जना सँग रहेको पाइयो र रेडियो अधिकांशको घरमा रहेछ ।

## ५.८ घरको बनावट

कुनै पनि समुदायको बसोबासको शैलि घरको बनावटलाई त्यस ठाउँको हावापानी, प्राकृतिक श्रोत, आर्थिक आवस्था, शिक्षा, चेतनाले प्रभाव पारेको हुन्छ ।

अध्ययन क्षेत्रका सार्की जातीहरु हेर्दा उनिहरुको घरमा केहि मात्र नयाँपन थपिएको छ । यीनिहरु आफ्नो घर बनाउँदा ढुङ्गा, माटोको गारो लगाउने, माथिल्लो भागमा काठ वा बाँसको वेरा र छानोमा जस्ता, टायल तथा ढुङ्गा लगाएको पाइन्छ । अत्यन्तै न्युन परिवार भुफडिमा बसेको पाइयो । प्राय घरहरुमा तल्लो तलामा वेरा लगाई एकापट्टि भान्सा कोठा र अर्को तिर गाई, बाखा, कुखुरा आदिको लागि छुट्याइएको हुन्छ । आफन्त नातेदार, पाउना आउँदा छुट्टै ओछ्यानको व्यवस्था गरिएको हुन्छ । खाट र पलङको पनि प्रयोग भएको पाइन्छ । घरहरु सफासुग्घर छन । आफन्त चिनेजानेकाहरु घरमा आउँदा कुर्सी ल्याएर बसौं भन्ने सम्मान पनि पाइन्छ । कतिपय घरमा गोठ अलि पर पनि पाइन्छ । पानी तान्ने मोटरको प्रयोग गरेर पानीको प्रयोग गर्नेहरु पनि छन् । शौचालय घरभन्दा अलि पर छुट्टै बनाइएको हुन्छ । उत्तरदाताको घरको बनावट विवरणहरुलाई निम्न तालिकाको माध्यमबाट देखाइएको छ ।

**तालिका ५.७ : उत्तरदाताको घरको बनावट विवरण**

| घरको बनावट | संख्या | प्रतिशत |
|---|---|---|
| भुपडि | २ | ६.६७ |
| टिनले छाएको तले | २० | ६६.६७ |
| ढुङ्गाले छाएको तले | १ | ३.३३ |
| पक्कि | ७ | २३.३३ |
| जम्मा | ३० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७४*

माथिको तालिका हेर्दा झुपडि मा बस्ने २ वा ६.६६ प्रतिशत, टिनले छाएको तले घरमा बस्ने २० वा ६६.६६ प्रतिशत, ढुङ्गाले छाएको तले घरमा बस्ने १ वा ३.३३ प्रतिशत र पक्कि घरमा बस्ने ७ वा २३.३३ प्रतिशत परिवार संख्या रहेको छ ।

माथिको तालिका अनुसार टिनले छाएको तले घरमा बस्ने सवैभन्दा वढी व्याज तिर्नेहरुमा छन् भने अध्ययन क्षेत्रका सार्की जातीहरुको बैदेशिक रोजगारको कमाइबाट हाल पक्कि घर बनाउनेको संख्या पनि बिस्स्तारै वृद्धि हुँदै गएको पाइयो ।

# अध्याय छ

# सार्की जातीको सामाजिक साँस्कृतिक तथा आर्थिक क्षेत्रमा आएका परिवर्तनहरु

संसारका हरेक वस्तुहरु परिवर्तनसिल छ । हरेक जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक क्षेत्रमा परिर्वतनहरु भइ नै रहेको हुन्छ तर कसैमा छिटो हुन्छ त कसैमा ढीलो हुन्छ । परिर्वतन गराउने कारक तत्वहरु शिक्षा, सञ्चार, आदि हुन । अनुसन्धान कर्ता आफैंले अध्ययन क्षेत्रलाई नजिकैबाट चिनेको हुनाले परिवर्तनहरु स्वयं आफैंले देखेको आधारमा विभिन्न जानकार व्यक्तिहरुको सहयोगबाट विभिन्न परिवर्तनहरु प्रस्तुत गर्न खोजिएको छ । यसमा विगत २० वर्ष अगाडि देखिको परिवर्तन छोटकरीमा उतार्न प्रयास गरिएको छ ।

## ६.१ सामाजिक क्षेत्रमा आएको परिवर्तनहरु

सामाजिक क्षेत्र अन्तरगर्त शिक्षामा आएको परिवर्तन, पारिवारीक संरचनामा आएको परिवर्तन, स्वास्थ्य सम्बन्धि चेतनामा आएको परिवर्तन, सामाजमा महिलाको स्थितिमा आएको परिवर्तन, अन्य जातजातिले हेर्ने दृष्टिकोणमा आएको परिवर्तन, सन्तान प्रति आएको परिवर्तन र अनुभवमा आएको परिवर्तन देखाउन खोजिएको छ ।

### ६.१.१ शिक्षामा आएको परिवर्तन

विगत बिस वर्ष अगाडि सम्म सार्की जातीमा शिक्षामा खास रुची थिएन । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पश्चात विद्यालयहरु खुल्ने काम बढ्दै गएपछि विद्यालय पठाउन रुचि लिएको पाइन्छ । अध्ययन क्षेत्र वरिपरि रहेको स्कुल, कलेजहरुलाई आधार मान्दा शिक्षामा अन्य क्षेत्रको तुलनामा कमै रुचि भएको देखिए पनि विगतको तुलनामा पढ्न जानेको क्रम वढि रहेको छ । विभिन्न संघ संस्थाहरु जस्तै साथि नेपाल, रुम टु रिड, जिल्ला शिक्षा कार्यलय स्याङ्गजा, रोटरि क्लब को पत्यक्ष सहयोग तथा जनचेतनाले पढ्न जानेको क्रम बढि रहेको छ । शिक्षित भएपछि राम्रो रोजगार पाइने, अन्य जातीले आफूंलाई दलित नठानी समान व्यवहार गर्ने जस्तो कुराहरु देखिएकोले पढनु पर्छ भन्ने अनुभुति बढ्दै गइरहेको छ ।

### ६.१.२ परिवारको संरचनामा आएको परिर्वतन

हिजोआजको आधुनिक युगमा आधुनिकिकरण, पश्चिमीकरण, परसँस्कृतिकरण, साँस्कृतिक प्रसार आदिको प्रभावले संसार एकात्मक परिवार प्रति आर्कषित भइरहेको छ । एकात्मक परिवारमा परिवार सानो हुने भएकोले परिवारको संख्या र आम्दानीको स्रोत बीचको सन्तुलन हुने भएकोले जीवन स्तर उच्च हुन्छ ।

संसारभरि एकात्मक परिवारप्रति आर्कषण भएपनि अध्ययन क्षेत्रमा संयुक्त परिवार प्रतिनै आर्कषित छन् । तालिका नं. २ अनुसार ३० घरधुरी मध्ये संयुक्त परिवारको संख्या १३ र एकात्मक परिवारको संख्या ७ रहेको छ । अध्ययनवाट एकात्मक परिवारको संख्या थोरै भए पनि विगतको तुलनमा बढेको छ ।

### ६.१.३ स्वास्थ्य सम्बन्धी चेतनामा आएको परिर्वतन

स्वास्थ्य सम्वन्धी चेतनालाई विगत विस वर्ष देखि हेर्दा अध्ययन क्षेत्रका सार्की जातीहरुमा धेरै वढेको पाइन्छ । चेतना वढाउने कारक तत्वहरुमा शिक्षा, संचार, गैरसरकारी संस्था, अस्पतालको स्थापनाा आदि रहेका छन् । पहिले पहिले बिरामी पर्दा धामि झाँक्रिहरुमा पूर्ण रुपले विश्वास गर्नेहरु अहिले अस्पताल जान थालेका छन् ।

घरमै सुत्केरी गराउने पुरानो प्रचलन तोड्दै अस्पतालमा सुत्केरी गराउने प्रचलन चलेको छ । त्यस्तै परिवार नियोजनको स्थायी र अस्थायी साधनहरुको प्रयोग गर्नेहरुको संख्या पनि बढ्दै गएको छ । तर स्वास्थ्य सम्बन्धि चेतनाहरु जे जस्तो गरी बढेको भएपनि धामी झाँक्रिको विश्वास पूर्ण रुपले हटि नसकेको देखिन्छ । धांमीलाई खुसी पार्न खेत रोप्ने र बाली थन्काउने समयमा एक-एक दिन निशुल्क श्रम गर्ने प्रचलन पनि कसैकसैमा पाइन्छ । औषधि पसलमा गएर आफूखुसी औषधि प्रयोग गर्नेहरु पनि छन् । अस्पताल पुग्न पाए रोग निको हुन्छ भन्ने थाहा पाउँदा पाउँदै पनि सुविधा सम्पन्न अस्पतालमा पैसा नभएर पुग्न नपाई पिडा खप्नु पर्ने वेदना पनि छ ।

### ६.१.४ समाजमा महिलाको स्थितिमा आएको परिवर्तन

नेपाल एउटा पितृसत्तात्मक समाज भएको मुलुक हो । सार्की जातींमा पनि पितृसत्तात्मक परिवार नै पाइन्छ । यसैले लोग्ने मानिस नै घरमूलि हुन्छ । घरमूलिले नै घर व्यवहार संचालन गर्ने, ऋण लिने दिने, छोराछोरीको पढाई, बिहेबारी, घरका सदस्यहरुलाई कामकाज

लगाउन आदि कुरामा घरमूलिकै निर्णय अन्तिम हुन्छ । पुरुष नभएको बलामा कुनै घरायसी व्यावहारको निणर्य गर्नु पर्‍यो भने घरको मालिकलाई सोध्नु पर्दछ भन्ने भनाई अहिले पनि देखिन्छ ।

महिलाहरु प्राय घरायसि कामहरु खानेकुरा पकाउने, घाँस दाउरा, मेलापात जाने, गाइ वस्तुहरुको हेरचार गर्ने जस्ता कुराहरु मै व्यस्त हुन्छन् । उनिहरु स्वतन्त्र हिँडडुल गर्न, राजनितीमा सहभागि हुने, आर्थिक कारोबार गर्ने आदि कुराहरुमा स्वतन्त्र छैनन् । तर समयको परिर्वतनसँगै शिक्षा, स्वास्थ्य, संचार जस्ता पक्षको विकासले महिलामा चेतना बढ्दै गएको देखिन्छ । महिलाहरु विभिन्न समूहमा सम्मीलीत हुने, ऋणको लेनदेन गर्ने, सरकारी गैरसरकारी संस्थाहरुले दिएको चेतनामूलक कार्यक्रमहरु जस्तै प्रौढ शिक्षा, विभिन्न तालिमहरु आदिले गर्दा महिलाहरुमा पनि आयआर्जन गर्ने, आफ्नो निर्णय गर्ने जस्ता कुराहरु पनि बढ्दै गएको छ । महिलाहरुको नाममा जग्गा पास गर्दा राजस्वमा छुट दिने सरकारको नितिको कारण पनि महिलाको नाममा जग्गा राख्ने कामको शुरुवात हुने देखिन्छ ।

### ६.१.५ अन्य जातजातीले हेर्ने दृष्टिकोण वा छुवाछुतमा आएको परिर्वतन

नेपाल धर्मनिरपेक्ष, गणतान्त्रिक मुलुक भएपनि हिन्दुहरुको बाहुल्यता भएको मुलुक हो । जातीय दृष्टिकोणबाट सार्की जातीलाई पानी अचल, दलित, तल्लो जातीको रुपमा लिइन्छ । पहिला पहिला उपल्लो जातीका मानिसहरुले सार्की जातीलाई छुन नहुने, सार्की जातीले छोएको खान नहुने, मन्दिरमा पस्न नहुने, गाउँघरमा हुने विवाह आदि जस्ता कार्यहरुमा छुट्टै बस्नु पर्ने, सार्वजनिक कुवा, धारा को प्रयोग गर्न नदिनु आदि असामाजिक क्रियाकलापहरु पाइन्थ्यो । तर आजकाल शिक्षा चेतनाको प्रभावले सार्वजनिक स्कुल, मन्दिर, बाटो आदिमा उपल्ला जातका मानिसहरुले भेदभाव गर्ने चलन हट्दै गएको छ । उपल्लो जातका पढेलेखेकाहरुमा पनि सार्की जाती हामी जस्तै मानिस हुन, सफा गरिदियो भने जुनसुकै जातीका मानिसले दिएको कुरा खानुहुन्छ भन्ने सोच बढेको पाइन्छ । सार्वजनिक स्थानमा मानिस मानिस बीच भेदभाव गर्ने कार्य दण्डनिय हुने सरकारी नितिले गर्दा पनि सार्की लगायत अन्य दलित जातीप्रति गरिने व्यवहारमा परिर्वतन आएको छ ।

तर पनि जे जस्तो परिर्वतन आएपनि अझै अध्ययन क्षेत्रका सार्कीहरु माथिल्लो जातको घरभित्र पस्न सक्दैनन् । उनिहरुमा माथिल्लो जातको घरमा खाना खांदा घर बाहिर अलग्गै

खाने प्रचलन कायमै छ । स्वयं सार्की जातीहरुपनि उनिहरुभन्दा तल्लो जातका मानिसहरु जस्तै कामि दमाइले दिएको खादैनन् ।

अध्ययन क्षेत्रमा हेर्दा जातीय विभेदको कुरा गर्दा उनिहरु माथिल्लो जातीकाले उनिहरु प्रति गरिएको विभेदको कुरा गर्दछन तर उनिहरुले आफूले गरेको अन्य दलित प्रतिको विभेदको कुरा उठाएको कमै देखिन्छ ।

### ६.१.६ सन्तानप्रति आएको परिर्वतन

अध्ययन क्षेत्रका सार्की जातीहरुमा पनि आम नेपाली अन्य जातीको जस्तै छोरालाई बढी र छोरीलाई कम महत्व दिने प्रचलन छ । छोरो जन्मदा खुसि हुने छोरी जन्मदा नमज्जा मान्ने प्रचलन पहिला थियो तर अब समयको परिर्वतन सँगसँगै शिक्षा, चेतनाको विकासले गर्दा छोरीले पनि छोरा जतिकै काम गर्न सक्दछन् । आयमूलक काममा संलग्न हुन सक्दछन् भन्ने सोचको विकास भएकाले छोरी जन्मदा नमज्जा मान्ने प्रचलन हट्दै गएको छ । छोरीलाई स्कुल पठाउने जागीर खुवाउन इच्छा व्यक्त गर्ने कुराहरु सबैमा देखिएको छ ।

### ६.१.७ अनुभवमा आएको परिर्वतन

हिन्दु समाज अनुसार सार्की जाती सबै भन्दा तल्लो शुद्र वर्णमा पर्दछन । यीनिहरु पनि अचल वर्णमा पर्दछन । पहिले पहिले यीनिहरुमा सार्की जाती भएकोले म सानो हुँ, मेरो समाजमा केहि इज्जत छैन भन्ने हिनता बोध थियो । तर अहिले आएर मानिस जातले भन्दा शिक्षा, संस्कार आदि जस्ता कुराहरले ठूलो सानो हुन्छ भन्ने सोच पाइन्छ । यीनिहरुमा पनि राम्रो गरि पढेर समाजमा राम्रो काम गरियो भने आँफू स्वत : ठूलो हुन्छ भन्ने सोचको विकास भएको छ । म सार्की हुँ भन्ने हिनता बोध कसैमा भेटिएन सवैमा सार्की हुँ भन्ने गर्व गरेको नै पाइयो ।

## ६.२ साँस्कृतिक क्षेत्रमा आएको परिवर्तन

संस्कृति भनेको मानिसले आफ्नो जीवन शैलिलाई सरल सुलभ बनाउन मानिसद्वारा समय समयमा विकास गरेको कुरा हुन । विभिन्न समयमा भएको खोज अनुसन्धान आदिले साँस्कृतिक क्षेत्रमा परिर्वतन गरिरहेको हुन्छ, गराईराखेको हुन्छ । साँस्कृतिक क्षेत्र अर्न्तगत विवाह, गर्भावस्था, महिलाको अधिकार तथा चाडपर्वमा आएको परिवर्तनको चर्चा गर्न खोजिएको हो ।

### ६.२.१ विवाह संस्कारमा आएको परिर्वतन

समयको गति सँगसँगै विवाह संस्कारमा पनि परिर्वतन भइरहेको छ । आमा बाबुले खोजेको आफ्नै जातीको केटोसँग मात्र विवाह गरे राम्रो हुन्छ भन्ने सोचाइमा क्रमशः परिर्वतन भइरहेको छ । आधुनिकिकरणको प्रभावले गर्दा आफूले राजेको केटा सँग आँफूखुसि विवाह गर्ने प्रचलन अर्थात प्रेम विवाह गर्नेहरु पनि छन् । हुन त पहिले पनि प्रेम विवाहको अर्को रुप पोइला जानु जसमा आमाबाबुको सहमति बिना विवाह गर्ने प्रचलन कमै थियो । विवाहमा केटा र केटीले लगाउने लुगा, गहना आदिमा पश्चिमीकरणको प्रभावले दौरा सुरुवालको ठाउँमा सुट टाई, बेहुलीले लगाउने गुन्यू चोलिको ठाउँमा सारी चोली आदि लगाउने चलन चलेको छ । बेहुला बेहुलीलाई डोलीको सट्टा मोटरको प्रयोग बढेको छ । यस्तै अन्तरजातीय विवाहको चलन पनि बढेर गएको छ ।

### ६.२.२ गर्भावस्थामा आएको परिर्वतन

अध्ययन क्षेत्रमा गई अनुसन्धान गर्दा पहिला पहिला आम नेपालीको जस्तै गर्भावस्थामा खास चासो नराख्ने भाग्यले जस्तो हुन्छ त्यस्तै गर्छ भन्ने प्रवृत्ति थियो । तरा हिजोआज सोँचाइमा धेरै परिवर्तन अएको छ । गर्भवस्थामा नजिकैको अस्पतालमा जचाउँने, आइरन चक्किको प्रयोग गर्ने, पोषिलो खानेकुरा खाने, गऱ्हौ भारी नबोक्ने, अस्पतालमा सुत्केरी हुने चलन रहेको  पाइन्छ । तर जे भएता पनि गर्भावस्थामा झारफूक गराउने, गर्भवतीको श्रीमानले खसी, कुखुरा काट्न नहुने आदि जस्ता पुराना सोचहरु कायमै छन् ।

### ६.२.३ महिलाको अधिकारमा आएको परिर्वतन

सार्की जातीमा आम नेपाली जस्तै महिलाको अधिकार न्यून थियो तर आजभोली सोचाइमा आएको परिर्वतन आएको छ । जग्गाहरु महिलाको नाममा दर्ता हुने प्रचलन बढ्दै गएको छ । विभिन्न महिला समूह मार्फत आफ्नो हकहितको कुराहरु पनि महिलाहरु उठाइरहेका छन् । विभिन्न महिलावादि संगठनहरुले पैत्रिक सम्पति माथि छोरीको पनि हक हुनुपर्दछ भन्ने आवाज उठाए पनि यसको खासै प्रभाव परेको छैन । पैतृक सम्पति माथि छोरीको हक कायम भए दाजु बहिनी, दिदि भाई, दिदि बहिनि बिच मनमोटाव कायम हुने छोरीले माइतबाट र घरबाट दुवै ठाउँबाट अंश पाउँदा दोहोरो हुन्छ भन्ने सोच पनि कोहिको छ । अनुसन्धान क्षेत्रका महिला महिला वन उपभोक्ता समितिमा रहे पनि बहुमत उपल्लो जाती

कै महिलाको छ । तर जे जस्तो भए पनि छोराछोरी दुबैलाई समान व्यवहार गरिनु पर्दछ भन्ने सोच धेरैमा आएको छ ।

### ६.२.४ चाडपर्वमा आएको परिर्वतन

सार्की जाती धेरैजसो हिन्दुधर्माबलम्भी भएकाले उनिहरुको प्रमुख चाडपर्वहरु दशै, तिहार, माघे सक्रान्ति, चैते दशै, साउने सक्रान्ति आदि हुन । विभिन्न चाडपर्वहरुमा फजुल खर्च गर्ने, जाड रक्सि आदिको प्रयोग हुने गरेको छ । चाडपर्वमा देखासिखि गर्ने , आफन्त, छिमेकीहरु बिच खर्चमा प्रतिस्पर्धा गर्ने गरेको पाईन्छ । विभिन्न चाडपर्वमा विभिन्न उपकरणको प्रयोग गरेको पनि पाइन्छ । जस्तै विवाहमा भिडियो क्यामेरा, आधुनिक संगीतका उपकरणहरु आदिको प्रयोग गरेको देखिन्छ त्यस्तै देउसी भैलोमा क्यासेट आदि उपकरणको प्रयोग गरेको पनि देखिन्छ । तर अहिले शिक्षा, चेतनाको विकासले गर्दा चाडपर्वहरुमा फजुल खर्च गर्नु हुँदैन, रक्सीको प्रयोग वढी गर्नु हुँदैन, चाडपर्व रमाइलो गरी मनाउनु पर्दछ । ऋण गरेर होइन भन्ने सोच बढेको छ ।

## ६.३ आर्थिक क्षेत्रमा आएको परिर्वतन

आर्थिक क्षेत्रले मानिसको विविध पक्षमा प्रभाव पारेको पाइन्छ । मानिसहरुको जीवनस्तर, शिक्षा, स्वास्थ्य, आदिमा आर्थिक क्षेत्रको प्रभाव प्रत्यक्ष परेको हुन्छ । यस क्षेत्र अर्न्तगत पेशामा आएको परिर्वतन, घरको बनौटमा आएको परिर्वतन, आधुनिक समानको प्रयोगमा आएको परिर्वतनलाई उल्लेख गरिएको छ ।

### ६.३.१ पेशामा आएको परिर्वतन

अध्ययन क्षेत्रमा गई हेर्दा सार्की जातीको परम्परागत पेशा कसैले पनि लिएको पाइदैन । पहिले पहिले परम्परागत पेशा गर्दथे तर अहिले कृषि, मजदुरी, सरकारी गैरसरकारी क्षेत्रमा कामगर्ने, वैदेशिक रोजगारमा जाने, अर्काको खेत अधिँया गर्ने जस्ता पेशाहरु गर्ने गरेको पाइन्छ । यस प्रकार अध्ययन क्षेत्रमा परम्परागत पेशामा पुरै परिर्वतन आएको छ ।

### ६.३.२ घरको बनोटमा आएको परिर्वतन

सार्की जातीको घरको बनोटमा केहि परिर्वतनहरु मात्र देखिन्छन् । पहिला पहिला खरको छानो, माटो र ढुङ्गाको गाऱ्हो भएको हुन्थ्यो तर अहिले आधुनिकिकरणको प्रभावले गर्दा

घरमा छाना जस्ता, टायलको र गाऱ्हो ढुङ्गा माटोको छ । कसैले माथिल्लो तलामा बासमा सिमेन्ट प्लस्टर र तल्लो तलामा ढुङ्गा र सिमेन्टबाट पनि घर बनाएका छन् । आधुनिक पक्की घर बन्दै गएका छन् । यसर्थ घरको संरचना समान्य परिवर्तन मात्र देख्न  सकिन्छ ।

### ६.३.३ आधुनिक सामानको प्रयोगमा आएको परिर्वतन

पहिले पहिले आधुनिक सामानको पहुँच अध्ययन स्थल लगायत वरिपरि बस्तीमा थिएन । आम्दानीको स्रोतको वृद्धि सँगसँगै आधुनिक सामानको प्रयोगमा वृद्धि हुँदै आएको हो । यसैले अध्ययन क्षेत्रमा सार्की जातीहरुमा समयको परिर्वतन सँगसँगै भएको आम्दानीको वृद्धिले आधुनिक समानको प्रयोग वढेको छ । आधुनिक सामानको प्रयोग सस्ता चिनियाँ सामानले पनि बढाएको हो । हरेक घरमा मोबाइल, रेडियो, घडि, टिभि म्यूजिक प्लेयर आदि पाइन्छ । ग्यास चुलो, गोबर ग्यासको प्रयोग गर्नेहरु पनि छन् । अर्काको खेत बटैया गर्नेहरु पनि ट्याक्टर प्रयोग गर्न थालेका छन् ।

# अध्याय सात

# सारांश

## ७.१ सारांश

यो शोधपत्र “सार्की जातीको सामाजिक, साँस्कृतिक र आर्थिक पक्षहरुको निरन्तर्ता र परिवर्तन : एक समाजशास्त्रिय अध्ययन” स्यङ्गजा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १२ अन्तर्गत पेल्काचौर गाउँका ३० घरलाई आधार बनाई लेख्ने प्रयास गरिएको छ । यस अध्ययनमा स्थलगत रुपमा गरिएको अध्ययन, अवलोकन र प्राप्त तथ्याङ्कको विश्लेषण गरेर तयार पारीएको यो शोधपत्र ७ वटा अध्यायमा विभाजित छ । जसको सारांश यस प्रकार छ ।

पहिलो अध्यायमा परिचय शिर्षक अन्तर्गत सार्की जातीको परिचय, उनीहरुको सामाजिक, साँस्कृतिक, आर्थिक पक्षहरुको परिचय उल्लेख गरिएको छ । उक्त अध्यायमा सार्की जाती कसरी भए भन्ने विभिन्न विद्वानहरुको भनाई उल्लेख गरिएको छ । उनीहरुमा आएको विविध परिवर्तनहरुको उल्लेख उक्त अध्यायमा गरिएको छ ।

उनीहरुमा आएको सामाजिक, आर्थिक, साँस्कृतिक परिवर्तनको र त्यसले पारेको प्रभावको अध्ययनको उद्देश्यका साथ अध्ययन गरिएको उक्त शोधपत्रले सार्की जातीको अध्ययनमा रुची राख्नेहरुलाई थोरै नै भए पनि सहयोग पुग्ने आशा अनुसन्धान कर्ताको छ ।

यस्तै दोस्रो अध्यायमा सन्दर्भ साहित्यको पुनरावलोकन शिर्षक अन्तर्गत सामान्य पुनरावलोकन र सैद्धान्तिक पुनरावलोकन गरी दुई विधिबाट गरिएको छ । सामान्य पुनरावलोकनमा किम्बदन्ति, विभिन्न विद्वानहरुको विचार लगायत शोधकर्ताको आफ्नो धारणा समाविष्ट गरिएको छ ।

तेस्रो अध्ययनमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनौट, अध्ययनको समग्रता, तथ्याङ्क संकलन विधिको प्रयोग गरिएको छ । अनुसन्धानका लागि आवश्यक तथ्याङ्क मूलतः प्राथमिक स्रोत द्वितीय स्रोतमा आधारित रहेर संकलन गरिएको छ । जस अन्तर्गत प्रश्नावली, सहभागि अवलोकन र क्षेत्रगत अध्ययन मुख्य जानकार व्यक्तिहरुसँगको अर्न्तवार्ता समावेश गरिएको छ ।

यस्तै द्वितीय स्रोत अन्तर्गत विभिन्न पुस्तक, पत्रपत्रिका, पूर्व प्रकाशित शोधपत्रहरु आदि प्रयोग गरिएको छ ।

सार्की जातिको सामाजिक, साँस्कृतिक पक्षको विष्लेषण शिर्षक अध्याय चारमा राखिएको छ । उक्त शिर्षकलाई सार्की जातीको सामाजिक, साँस्कृतिक पक्ष गरी दुई उप शिर्षकमा प्रस्तुत गरिएको छ । सामाजिक पक्ष अर्न्तगत अध्ययन क्षेत्रका कुल १४८ जना जनसंख्या मध्ये महिलाको संख्या ७० र पुरुषको संख्या ७८ रहेको छ । यस्तै आर्थिक रुपले सक्रिय र आश्रित जनसंख्या क्रमशः ५९ जना र ७ जना छन । आर्थिक रुपले सक्रिय जनसंख्या बढी हुनु सकारात्मक कुरा हो । अध्ययन क्षेत्रमा संयुक्त परिवारको संख्या २१ र एकात्मक परिवारको संख्या ९ पाइयो । वैवाहिक स्थिति र्हेदा विवाहित २५ जना, अविवाहित ८८ जना र विधुवा २ जना देखिन्छ । शैक्षिक स्थिति हेर्दा अध्ययन क्षेत्रमा विद्यालय उमेर नभएका र नजाने बालबालिकाहरु १३ जना छन । छोरीलाई पनि पढाउनु पर्दछ र साढे दुइ बर्ष पछि बालबालिकाहरु लाइ विद्यालय भर्ना गर्नुपर्छ भन्ने धारणाको विकास भै सकेको छ । स्नातक तहमा २ जना (पुरुषमात्र), कक्षा ११-१२ मा १ जना छोरा र ५ जना छोरी गरी ६ जना, कक्षा ६ देखि १० सम्म पनि १ जना छोरा र ४ जना छोरी गरी ५ जना २२ जना छोरा र १० जना छोरी गरी जम्मा ३२ जना कक्षा १ देखि ५ सम्म अध्ययन गरेको पाइन्छ । स्वास्थ्य अवस्था हेर्दा स्वास्थ्य  प्रति सचेत रहेको पाइयो । सुत्केरी गराउन अस्पताल जाने, आफ्ना बालबच्चाहरुलाई खोप दिन अस्पताल लाने, बिरामी हुँदा अस्पताल नै जानुपर्छ भन्ने मान्यता अध्ययन क्षेत्रका जनताहरुमा पाइयो । कहिले काँही आफ्ना घर नजिकै संचालन हुने स्वास्थ्य शिविरहरुको पनि फाइदा लिनुपर्दछ भन्ने सोच यो सार्की समाजमा रहेको पाइयो । झारफुक, धामी झाँक्रि, भूत प्रेत प्रतिको विश्वास यो क्षेत्रमा हटि सकेको छैन । सार्की जातीमा महिलाको स्थिति पुरुषको तुलनामा न्यून छ । परिवारमा निर्णय गर्न, कतै हिँडडुल गर्न, परिवार नियोजनको साधन प्रयोग गर्न पुरुष कै सहमति चाहिन्छ ।

उत्तरदाताहरुको साँस्कृतिक पक्षलाई हेर्दा बच्चा जन्मिए पछि छोराको ११ दिन र छोरीको ५ दिनमा न्वारन गर्नुपर्ने मान्यता यस जातीको छ । आफ्ना दाजु भाइले सुतक बार्ने कुरा अन्य जातीमा जस्तो यस जातीमा पनि छ । गर्भवती महिलाले डोरी नाध्न नहुने, ग्रहण हेर्न नहुने जस्ता अन्धविश्वासहरु यस जातीमा पनि पाइन्छ । छोराको ६ महिनामा र छोरीको ५ महिनामा भात ख्वाउने चलन छ । जसलाई अन्नप्रासन पनि भनिन्छ । अन्न प्रासन्नमा जुराएर आफन्त, इष्टमित्रहरु बोलाउने चलन यस जातीमा छ । अध्ययन क्षेत्रमा मागी

विवाहको प्रचलन वढी छ । प्रेम विवाह गर्नेहरु पनि छन् । घरायसी कारणले पुरुषहरुले पुनः विवाह गरेको पनि देखिन्छ । जारी विवाहको कथा मात्र सुनिन्छ हाल साल यस्तो विवाह गरेको देखिदैन । सार्की जातीमा मृत्यु संस्कार हिन्दु विधिहरु अनुसार नै गरेको देखिन्छ । साउने संक्रान्ति, दशै, तिहार, माघे संक्रान्ति जस्ता चाडहरु मनाउँछन् । अन्य जातीका मानिसहरु जस्तै भगवानलाई खुसी पार्न आफ्नो मनोकांक्षा पूरा गर्न पूजा लगाउने, विभिन्न मन्दिरहरुमा दर्शन गर्न आउँछु भन्ने, भाकल गर्ने प्रचनलन यस जातीमा छ । अध्ययन क्षेत्रका सार्की जातीहरुमा उमेर अनुसार पोसाकको छनौट भएको देखिन्छ । पुराना पुस्ताका लोग्ने मानिसहरु कुर्ता, सुरुवाल, टोपी र स्वास्नी मानिसहरु साडी चोलो आदि लगाउँछन् । युवा युवतिहरु आधुनिक डिजाइनका कुर्ता सुरुवाल, टि सर्ट, सर्ट, पाइन्ट, आदि लगाउँछन् । सस्ता चिनिया पोसाकहरुले पनि भेषभुषामा प्रभाव पारेको छ । सुनका गहनाहरुको प्रयोग गर्न रुचाउँछन् । घाँटीमा सिक्रि, कानमा कुण्डल, नाकमा फुलीको प्रयोग भएको पाइन्छ । गहनाको प्रयोग गच्छे अनुसार गरिएको हुन्छ । सुनको पालिस लगाएका गहनाहरुको चलन पनि शुरु भै सकेको छ । भाँडा वर्तनहरुमा पहिले पहिले सिल्भर, ढलोटको प्रयोग भै आएकोमा हिजो आज स्टीलका भाँडा, प्रेसरकुकर आदिको प्रयोग भै आएको छ । यस जातिको मातृभाष नेपाली नै हो ।

अध्याय पाँचमा उत्तरदाताहरुको आर्थिक पक्षलाई विचार गर्दा अध्ययन क्षेत्रका सार्की जातीहरु परम्परागत पेशा जुत्ता सिउने, छालाको काम गरेको पाइदैन् । कृषि, मजदुरी, नोकरी, वैदेशिक रोजगारी आदि पेशा गर्नेहरु भेटिन्छन् । यस्तै भू- स्वामित्व हेर्दा १ हल देखि ५ हलसम्म जग्गा हुने १ घरधुरी, ५ हलदेखि १० हलसम्म २ घर धुरी, १० हलदेखि माथिका १७ घर धुरी देखिन्छन् र अधिया कमाउने १० घरधुरि छन । खेति गर्ने परम्परा प्रणाली तथा समय सँगै परिवर्तित पेशाले गर्दा आफ्नै जग्गाबाट खान पुग्नेहरु कम देखिन्छन अध्ययन क्षेत्रमा ३ महिना सम्म खानपुग्ने १० घरधुरी, ६ महिनासम्म खानपुग्ने १७ घर धुरी र ९ महिनासम्म खान पुग्ने ३ घरधुरी रहेका छन् । उत्तरदाताहरुको अन्य क्षेत्रमा मानिसहरुको जस्तो आम्दानी अनुसार खर्च गर्ने वानी छ रु. १००० देखि रु. २५००० सम्म कमाउने परिवारसंख्या १०, रु. ५००० देखि रु.५०,००० सम्म कमाउने परिवार संख्या ८ र रु. ५०,००० भन्दा माथि कमाउने परिवारको संख्या १२ देखिएको छ । खर्च गर्ने परिवार संख्या पनि उक्त आम्दानी अनुसार नै देखिन्छ । विभिन्न बचत समूहहरुको स्थापनाले बचत गर्ने वानीको बिकास उक्त क्षेत्रमा पाइन्छ तर बचत गरेको पाइदैन । बचत समूहरुबाट कम

व्याजमा सरल तरिकाबाट ऋण प्राप्त सजिलो भएको छ । यस्तै विभिन्न वाणिज्य बैंकहरुबाट पनि ऋण लिन पाउने देखिन्छ । आम्दानीको स्रोत अनुसार आधुनिक उपकरणहरुको प्रयोग पनि बढेको पाइन्छ । आधुनिक उपकरणहरुको प्रयोगमा सस्ता चिनीया सामानहरु गर्दा सम्भव बनाएको छ । अध्ययन क्षेत्रमा ५ घर परिवारसँग टेलिभिजन, १ जनासँग मोटरसाइकल, हरेक घरमा मोबाइल फोन, रेडियोको प्रयोग भएको पाइन्छ ।

अध्याय छ मा विगत २० वर्ष देखिको परिवर्तनलाई हेर्दा शिक्षित भएपछि अरुले दलित भनि नहेप्ने, राम्रो रोजगारी पाइने, समाजमा सम्मानित जिवन यापन गर्न पाइने, भनेर नै छोराछारीलाई स्कुल पठाउने प्रचलन बढेको छ । अध्ययन क्षेत्रमा एकात्मक परिवार प्रतिको आकर्षण बढेको देखिन्छ तर पनि संयुक्त परिवार कै संख्या बढी छ । ३० घर धुरी मध्ये ९ घर एकात्मक परिवार र २१ घर संयुक्त परिवार छन् ।  कतिपय घर व्यवहारमा श्रीमानलाई सल्लाह दिने काम श्रीमतीहरुले पनि गर्न थालेका छन् । छोरीप्रति सकारात्मक धारणा देखिनु, म सार्की हुँ भनेर हिन भावना हटनु जस्ता कुराहरुको परिवर्तन देखिन्छ । विवाहमा डोलीको सट्टा मोटरको प्रयोग, बेहुला बेहुलीको लुगामा कोट पाइन्ट, टाई, साडी, चोलो आदिको प्रयोग हुनथालेको छ । दशैं तिहार जस्ता चाडपर्वहरुमा विभिन्न साँगितिक उपकरणहरुको प्रयोग हुनु । बिरामि हुँदा धामी काहाँ होइन डाक्टर काहाँ जानु पर्दछ भन्ने सोचको विकास भएको छ । गर्भ अवस्थामा अस्पताल गै जँचाउनु, आइरन चक्कीको उपयोग गर्नु, गाउँका सामाजिक कार्यहरुमा महिलाहरु सरिक हुनु आदि परिवर्तहरु देखिन्छ । परम्परागत जुत्ता सिउने पेशा कथामा मात्र सीमित छ । घरमा जस्ता, टायल, सिमेन्टको प्रयोग हुन थालेको छ । घरमा टि.भि., रेडियो, घडी, म्युजिक प्लेयरहरुको प्रयोग भै आएको छ । उमेर पुगेका हरेका हातमा मोवाइल छन् मानिसहरु विभिन्न आयमूलक कार्यहरुमा संलग्न छन् ।

## ७.२ निष्कर्ष तथा सुझाव

सार्की जातीको सामाजिक, साँस्कृतिक अवस्था र तिनमा आएको परिवर्तन प्रति अध्ययन र विश्लेषणको निष्कर्षमा पुग्दा ब्राम्हण क्षेत्रीहरुको जस्तै भाषा, धर्म भएको उनिहरुकै निकटमा बसोबास गर्ने, थरहरु पनि धेरै जसो समान भएको सार्की जाती दलित अछुत हुन तर ब्राह्मण, क्षेत्रीहरु माथिल्लो जाती हुनु एउटा अमिल्दो पक्ष देखिन्छ । आधुनिक स्वदेशि तथा विदेशि जुत्ता, चप्पलसँग प्रतिस्पर्धा गर्न नसकेर परम्परागत पेशालाई पूर्ण रुपमा त्यागी अन्य पेशाहरु कृषि, ज्याला मजदुरी, नोकरी आदि पेशाहरु अँगालेका छन् । शिक्षा सम्बन्धि

चेतनाले गर्दा आफ्ना केटाकेटीहरुलाई स्कुल पठाउने, विरामि पर्दा अस्पताल जाने, गाउँका विविध विषयमा निंधक्क साथ आफ्ना विचारहरु राख्न सक्ने, सार्वजनिक स्थलमा खानपीन गर्न सक्ने, महिला पुरुष बिचको सम्बन्धमा सुधार, अन्य जातिले हेर्ने दृष्टिकोणमा परिर्वन, विभन्न गैरसरकारी तथा सरकारी क्षेत्र लागाएत वैदेशिक क्षेत्रमा जागिर खाने क्रम बढिरहेको छ । आधुनिक संचारका उपकरणहरुले पनि विविध क्षेत्रमा परिवर्तनहरु गराएका छन् । भर्खरै मात्र नेपाल सरकारले पुतलीबजार नगरपालीकामा गाभेकोमा यस गाउका सार्की बासिन्दा खुसि देखिन्छन् ।

कसैकसैमा सामाजिक विकृतिका रुपमा जाँड रक्सिको वढ्दो प्रयोग, अनावश्यक ऋृण लिई ऋृणको दुरुपयोग गर्ने जस्ता कुराहरु पनि देखिन्छ ।

सार्की समुदायमा रोजगारीमुलक तालिम दिने, शिक्षामा पहँच बृद्दि गर्ने र रोजगार नभएका परिवारमा पनि रोजगारीको बिकास गर्दै, मर्यादित बनाउदै उनिहरुको सर्बाङ्गिण बिकासमा ध्यान दिनपर्ने र जुत्ता सिलाउने पेशालाइ कारखानाका रुपमा बिकास गर्नु पर्ने देखिन्छ । सार्की समुदायले बिगतमा अपनाएका परम्परागत पेशााले उनिहरुको आबश्यकता पुरा गर्न नसकेकोले र उनिहरुको स्तर समाजमा तल्लो रुपमा रहेको र बैकल्पिक पेशामा संलग्न रहेका मानिस र निजको घर परिवारको समेत आम्दानीको स्तर राम्रो र समाजमा प्रतिष्ठित रुपमा बस्दै आएको पाइयो । उनिहरुले परम्परागत पेशा परिर्बतन गर्न बाध्य पार्ने बिभिन्न कारण रहेका छन जसले गर्दा जातिले आफ्नो परम्परागत पेशा एबं संस्कृतिको जगेर्ना गर्न चाँहादा चाँहादै पनि नसकीरहेको पाइयो । नेपाल सरकार र यस क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहयोग अपेक्षिकृत देखिन्छ ।

# सन्दर्भ सामग्री


ईन्सेक, (२०५३) *सार्की जातिको परिचय, काठमान्डौ नेपाल ।*

इन्सेक (१९९३) *मानव अधिकार बर्ष पूस्तक, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, काठमाडौं ।*

केन्द्रीय तथ्याङ्क विभाग, (२०६८) *नेपालमा जनसंख्या तथ्याङ्कका श्रोतहरू, थापाथली, काठमाडौं ।*

खड्का, चन्चला (२०६७) *सार्की जातिको जीवनशैली र परिवर्तन, ललितपूर जिल्ला लुभू गा. वि.स.को शोधपत्र समाजशास्त्र विभाग, कीर्तिपुर ।*

खत्री, प्रेमकुमार (वि.सं. २०४४) *नेपाली समाज र संस्कृति, साझा प्रकाशन, काठमाडौं ।*

गिरी, कुबेर (२०५७) *सार्की जातिको सामाजिक, संस्कृतिक, तथा आर्थिक अवस्था, ललितपुर जिल्ला गोदावरी गा.वि.स.को समाजशास्त्रीय अध्ययन,अप्रकाशीत शोधपत्र, पाटन संयुक्त क्याम्पस, पाटनढोका काठमाडौं ।*

चौधरी, विष्णुदेव (२०४८) *नेपाली जातिय लोक संस्कृति एक अवलोकन, काठमाडौं ।*

दाहाल, यज्ञरत्न (२०६१) *प्राथमिक विद्यालयमा दलित बालवालिकाहरूको शिक्षामा सहयोगिता, कीर्तिपुर, काठमाडौं ।*

नेपाल सरकार,नेपालको अन्तरिम संविधान (२०६३) *कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।*

मुलुकी ऐन (२०२०) *नेपाल कानुन किताब व्यबस्था, काठमाडौं ।*

पाण्डे, मधुसुदन (वि.सं. २०६०) *नेपालका जनजातिहरू, पैरवी प्रकाशन, काठमाडौं ।*

बिष्ट, डोर बहादुर (२०३०) *सबै जातको फुलवरी, साझा प्रकाशन, काठमाडौं ।*

विश्वकर्मा, रत्न बहादुर (२०५७) *दलित मुक्तिको प्रश्न, काठमाडौं।*

राष्ट्रिय दलित आयोग (बुलेटिन २०६०)*नेपालमा दलित समुदायको स्थिति, ।*

रोका, जवाहर (२०४४) *छोइछिटो मइन प्रिन्ट्स, रंगेली रोड, विराटनगर ।*

सिलवाल, विनोद (२०५८) *सार्की जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवर्तन गोठाटार गा.वि.स.को समाजशास्त्रीय अध्ययन, अप्रकाशीत शोधपत्र, काठमाडौ ।*

त्रिपाठी, वासुदेव र अन्य,नेपाल बृहत शव्दकोष (२०६३) *नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।*

त्रिपाठी, श्रीजना (२०६८) *सार्की जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्था र परिवर्तन, कालिका गा.बि.स.को समाजशास्त्रीय अध्ययन, काठमाडौं।*

गा. वि. स. प्रोफाइल (२०७१) *पेल्काचौर, स्याङ्जा, नेपाल ।*

Blaikie ,P. Cameron, J. and Seddon, D. (1980). *Peasant and Workers in Nepal, Vikas Publication House, Delhi.*

Bista, Dor Bahadur(1990). *People of Nepal, Kathmandu, Ratna Pustak Bhandar.*

Caplan, AD (1972*). Prests and Cobblers: A study of social change in Hindu village in western Nepal, London Inter text Book.*

Gaige, Frederick (1975). *Regionalism and National Unity in Nepal, Berkely: University of California Press.*

Gurung, Harka (1990*). Ethnic Demography of NEFAS, KTM Nepal.*

Hofer, A (1979). *The caste hierarchy and state in Nepal Study of Muluki Ain of (1854) Innsbrock Universitusuer Lang Wagner.*

# अनूसूचि- एक

## शोधपत्र तयारीको लागि प्रयोग गरिएको अन्तरबार्ता अनुसुची

मिति :

**१. जनसाङ्खिकी**

घर नं. :

उत्तरदाताको नाम : पेशा :

उमेर : धर्म-

लिङ्ग :

शिक्षा :

जात / जाती :

परिवारको किसिम-

पारिवारिक विवरण

| क.स. | नाम थर | उमेर | लिङ्ग | भाषा | पेशा | शिक्षा | | | | वैवाहिक अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | निरक्षर | प्रा.वि | मा.वि | उ.मा.वि | विवाहित | अविवाहित | बिधवा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |

२. यदि आफ्नै घर भएमा घरको किसिम

(क) आफ्नै घर ☐ (ख) भाडामा बसेको ☐

(ग) झुपडि ☐ (घ) ढूङ्गाले छाएको तले ☐

(ङ) टिनले छाएको तले ☐ (च) पक्कि घर ☐

३. तपाइका छोराछोरी के कति छन् ?

.

.....................................................................

४. तपाइले सबै छोरीलाई स्कूल पठाउनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

५. तपाइको विचारमा छोराछोरीलाई स्कूल पठाउन आवश्यक छ ?

क) आवश्यक छ ☐ ख) आवश्यक छैन ☐

ग) थाहा छैन ☐

६. यदी आवश्यक छैन भने किन जस्तो लाग्छ ?

क) विहे गरेर जाने भएकाले ☐ ख) भाइ बहिनी हेर्नु पर्ने भएकाले ☐

ग) छोराछोरीले घरमा धेरै काम गर्नु पर्ने भएकोले ☐ घ) अन्य ☐

७. तपाईको छोराछोरीलाई विद्यालयमा शिक्षक शिक्षीकाले कस्तो व्यवहार गर्दछन् ?

क) समान व्यवहार गर्दछन् ☐ ख) भेदभाव गर्दछन् ☐

ग) थाहा छैन ☐

८. तपाईले छोराछोरीलाई कुन स्कुलमा पढाउनु भएको छ ?

क) सरकारी स्कूल ☐ ख) बोडिङ्ग स्कूल ☐

ग) अन्य ☐

९. तपाईलाई स्वास्थ्य सम्बन्धि जानकारी छ ?

क) छ ☐ ख) छैन ☐

१०. तपाईले स्वास्थ्य सम्बन्धि जानकारीलिनु भएको छ भने कोसँग लिनु भएको छ।

क) स्वयंसेविका ☐ ख) डाक्टर ☐ ग) नर्स ☐

११. तपाईको घर नजिकै कस्तो खालको स्वास्थ्य संस्था छ ?

क) स्वास्थ्य चौकी ☐ ख) उप-स्वास्थ्य चौकी ☐

ग) अस्पताल ☐ घ) कुनै पनि छैन ☐

१२. तपाईको परिवारको सदस्य विरामी हुदा औषधि गर्न कहाँ जानुहुन्छ ?

क) डाक्टर ☐ ख) धांमी झाक्री ☐

१३. भूतप्रेत र धामी, बोक्सी हुन्छ भन्ने कुरामा कत्तिको विश्वास लाग्छ ?

क) विश्वास लाग्छ ☐ ख) विश्वास लाग्दैन ☐

ग) थाहा छैन ☐

१४. तपाईको छोराछोरी शिक्षित भएर तपाईको परिवारमा उपचार पद्दतिमा परिवर्तन आएको छ की छैन ?

क) छ ☐ ख) छैन ☐

१५. छ भने कस्तो परिवर्तन आएको छ ?

.............................................................................................................

१६. तपाईले छोराछोरीलाई पढाएको स्कूलमा छुवाछुतको व्यवहार छ की छैन ?

.............................................................................................................

१७ छोराछोरीहरु स्कूलबाट घर फर्के पछि के गर्छन ?

.............................................................................................................

१८. तपाईले छोराछोरीको पढाइमा सहयोग गरिदिनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

१९. यदि छ भने कसरी सहयोग गर्नु भएको छ ?

क) गृहकार्य गराएर ☐ ख) नियमित अध्ययन गराएर ☐

ग) काममा छुट दिए ☐ घ) अन्य ☐

२०. पढेका छोरछोरीहरु आय मूलक काममा लागेका छन् की छैनन् ?

क) छ ☐ ख) छैन ☐

२१. यदी छन भने कुन पेशामा लागेका छन् ?

.........................................................................................................

२२. यदी तपाईले पढ्दा पढ्दै बिचमा पढाइ छोड्नु भएको थियो ? भने के कारणले गर्दा छोड्नु भएको थियो ?

.........................................................................................................

२३. तपाईले स्कूलमा कुन कुन ठाउँमा छुवाछुतको अवस्था भोग्नुभयो ?

.........................................................................................................

२४. तपाईलाई स्कूलमा छुवाछुत सम्बन्धि धेरै भेदभाव को बाट हुन्थ्यो ?

क) शिक्षक शिक्षिकाबाट ☐ ख) साथीहरुबाट ☐

ग) प्रशासनबाट ☐ घ) अन्य ☐

२५. तपाईले छुवाछुत विरुद्ध केही कदम चाल्नु भएको थियो ?

क) चालेको थिए ☐ ख) चालेको थिइन ☐

ग) चाहेर पनि बोल्न सकिन ☐

२६. छुवाछुत विरुद्ध कदम चाल्नु भएको थियो भने कस्तो कदम चाल्नु भएको थियो ?

.........................................................................................................

२७. छुवाछुत सम्बन्धि धारणामा पहिले र अहिलेमा कस्तो परिवर्तन पाउनु भएको छ ?

.........................................................................................................

२८. समाजमा हुने शैक्षिक गतिविधिमा (जस्तै प्रौढ शिक्षा, स्वास्थ्य स्वयं सेविका तालिम) तपाई कत्तिको चासो राख्नुहुन्छ ?

क) धेरै नै छ ☐ ख) अलिअलि ☐ ग) छैन ☐

२९. तपाईको जातिमा महिलाको शैक्षिक अवस्थामा परिवर्तन आएको छ कि छैन ? र महिलाको अबस्था कस्तो छ ?

क) छ ☐ ख) छैन ☐

३०. छ भने समाजमा कस्तो खालको परिवर्तन आएको छ ?

..........................................................................................................

३१. परिवर्तन आउनुको कारण के होला ?

..........................................................................................................

३२. तपाई र छोराछोरीमा पढाइमा किन परिवर्तन आए होला जस्तो लाग्छ ?

..........................................................................................................

३३. तपाईको परिवारमा सदस्यले पढ्नको लागी कस्तो संघर्ष गर्नु पर्‍यो ?

..........................................................................................................

३४. तपाईले पढ्नको लागी बिभिन्न संघ संस्थाकाट कस्तो किसिमको सहयोग पाउनु भएको छ ?

..........................................................................................................

३५. पाउनु भएको छ भने उक्त सहयोगले तपाइको जिबनमा कस्तो परबिर्तन ल्याएको छ ?

..........................................................................................................

३६. तपाँईलाई आफ्नो परम्परागत पेशा थाहा छ ? की छैन ?

..........................................................................................................

३७. तपाईका आम्दानीका श्रोतहरु के-के हुन ?

..........................................................................................................

३८. तपाइले आफ्नो आम्दनीलाइ कस्ता कस्ता कार्यमा खच गर्नहून्छ ?

..........................................................................................................

३९. तपाइको जमिनको क्षेत्रफल कस्तो छ ? तपाईलाई आफ्नो जमिनबाट कति महिना खान पुग्छ

क) ०-३ महिना ख) ०-६ महिना ग) ०-९ महिना

ख)

| जमिनको किसिम | खेत | पाखो बारी | जम्मा |
|---|---|---|---|
| आफ्नो | | | |
| भाडामा लिएको | | | |
| भाडामा दिएको | | | |

४०. तपाईको नाममा कति जमिन छ ?र श्रीमति, छोरी, बुहारीको नाममा जग्गा राख्नु भएको छ की छैन ?

क) १ देखि ५ हल ख) ५ हलदेखि १० हलसम्म

ग) १० हल भन्दा माथि घ) छैन

४१. तपाइकाृ र्बाषिक आम्दानी कति हुन्छ ?र आफ्नो आम्दानीवाट वचत गर्न सकिन्छ कि सकिदैन ?

क) रु.१०००- रु.२५००० सम्म ख) रु.२५०००- रु.५०००० सम्म

ग) रु. ५०००० भन्दा माथि

४२. कतिवटा वचत समूहमा सम्मिलित हुनुहुन्छ ?र कुन कुन सस्थावाट ऋण लिनु भएको छ ?

..........................................................................................................

४३. तपाइको वार्षिक खर्च कति हुन्छ ?

क) रु.१०००- रु.२५००० सम्म ख) रु.२५०००- रु.५०००० सम्म

ग) रु. ५०००० भन्दा माथि

४४. अहिलेका केटा केटीले प्रयोग गरेका मोवाइल, म्यूजिक प्लेयर तपाँइलाई कस्तो लाग्छ ?

.........................................................................................................

४५. पुरानो चलनको घर र अहिलेको चलनको घरमा के फरक छ ।

.......................................................................................................

४६. तपाईको आफ्नो प्रयोगकोलागि शौचालय बनाउनु भएको छ ?

क) छ ☐ ख) छैन ☐

४७. तपाईको विवाह कसरी भएको हो ?

क) प्रेमविवाह ☐ ख) मागी विवाह ☐ ग) अन्य ☐

४८. तपाईको परिवारमा अन्तरजातिय विवाह भएको छ की छैन ? छ भने कहिले र कुन जातिसँग भएको हो ?

.........................................................................................................

४९. तपाईका घरका सदस्य विदेश गएका छन् की छैनन् ? छन भने कुन देश गएका छन र कति कमाउछन्?

...................................................................................................

५०. विदेश कसरी गएका छन ?

क) आफुखुशी ☐ ख) सल्लाह बमोजिम ☐

ग) अरुको लहलहैमा ☐

५१. तपाईले मनाउने चाडपर्व के-के हुन

...................................................................................................

५२. ति चाड कहिले कहिले मनाउनु हुन्छ ?

................................................

५३.	तपाईको घरमा जन्म देखि मृत्युसम्म गरिने संस्कार के के हुन ?

.........................................................................................................

५४.	तपाईले कुन कुन देवि देवताको पुजा गर्नु हुन्छ ?

.........................................................................................................

५५.	तपाईले गर्ने जातिगत पूजाहरू के के हुन ?

.........................................................................................................

५६.	मन्दिर भित्र गएर तपाईलाई पूजा गर्न दिन्छन् कि दिदैनन् ?

.........................................................................................................

५७.	दिन्छन् भने मन्दिर छिरेर पूजा गर्न पाउदा तपाईलाई कस्तो लाग्छ ?

.........................................................................................................

५८.	दिदैनन् भने पूजा गर्न नपाउदा तपाईलाई कस्तो लग्छ ?

.........................................................................................................

## अनूसूचि- दुइ

२. **मुख्य जानकार व्यक्तिसंग सोध्ने प्रश्नको सुचि**

१) विगत २० वर्ष अगि र अहिलेको शिक्षामा के परिवर्तन पाउनुहुन्छ ?

.........................................................................................................

२) तपाँइको छोरा, छोरी, नाती, नातीनी मध्ये कसैले उच्च तहको अध्ययनको मौका पाए तर खर्च लाग्ने भयो तपाँइको अलिकति जमिन बेचेर पुग्ने भयो भने बेच्न तयार हुनुहुन्छ की हुँदैन ?

.........................................................................................................

३) धर्मको आधारमा शैक्षिक क्षेत्रमा बाधा परेको छ की छैन ?

.........................................................................................................

४) हिजो आज पढेलेखेका ब्राम्हण, क्षेत्री परिवारका व्याक्तिहरुले तपाँइका घरमा खाना खाएको देख्दा कस्तो लाग्छ ?

.........................................................................................................

५) परिवार नियोजनको स्थायी/अस्थायी साधन प्रयोग गरेको मन पर्छ ? की पर्दैन ?

.........................................................................................................

६) तपाँइले विगत २० वर्षको तुलनामा महिलाको स्थितिमा कस्तो परिवर्तन पाउनुभएको छ ?

.........................................................................................................

७) तपाँइलाई कसैको भोजभतेरमा आफु वा आफ्ना सन्तानले हिजो आज सँगै खाएको देख्दा कस्तो लाग्छ ?

.........................................................................................................

८) विगत २० वर्ष अगि देखिको विवाह चाडपर्व हेर्दा तपाँइले कस्तो परिवर्तन पाउनु भएको छ ?

.........................................................................................................

९) घरको वनोटमा आएको परिवर्तन प्रति तपाँइलाई कस्तो लाग्छ ?

..............................................................................................................

१०) तपाँइले विगत २० वर्ष अगि देखि पेशामा कस्तो परिवर्तन पाउनु भएको छ ?

..............................................................................................................

११) अन्तरजातीय विवाहमा  कस्तो परिवर्तन पाउनु भएको छ ? र कस्तो लाग्छ ?

..............................................................................................................

१२) टेलिभिजनको प्रयोगमा कस्तो परिवर्तन पाउनु भएको छ ? र कस्तो लाग्छ ? कस्तो लाग्छ ?

..............................................................................................................

१३) टाढा गएका आफन्त संग घरमै वसेर कुरा गरेको देख्दा कस्तो अनुभव गर्नुहुन्छ ?

..............................................................................................................

१४) यस जातिले मनाउने चाडपर्वमा के कस्तो परिवर्तन अएको छ ?

.........................................................................................................

१५) तपाईको जातिमा सरसफाई, औषधि उपचार बिधिमा, रहनसहन, परिवारको संरचनामा, घरको बनावटमा, छुवाछुतमा के कस्तो परिवर्तन आएको छ ?

..........................................................................................................

१६) तपाईहरूले गर्ने जन्म, विवाह, मृत्यु संस्कार आदिमा के कस्तो परिवर्तन आएको छ ?

.............................................................................

१७) यस जातिको आर्थिक अवस्थामा पहिला र अहिलेमा के के परिवर्तन आएको छ ?

..........................................................................................................

१८) परिवर्तन आउनका कारण के के हुन ?

..........................................................................................................

१९) यस जातिको पेशामा, पशुपंछि पालन, संञ्चारका साधनमा तथा आय आर्जनमा के के परिवर्तन आएको छ ?

..........................................................................................................

२०) अहिले आएर आम्दानीका श्रोतमा परिवर्तन आएको छ नी ? यो परिवर्तन आउनका कारण के के हुन ?

..........................................................................................................

२१) तपाइको भन्नु केहि ?

..........................................................................................................


# अनूसूचि- तिन

३. मुख्य जानकार व्यक्तिहरुको नामावली

| सि.नं | नाम | पद |
|---|---|---|
| १. | तिल बहादुर नेपाली | स्थानिय शिक्षक मनकामना मा.वि. |
| २. | आइ बहादुर नेपाली | परिचर मनकामना मा. वि. |
| ३. | खिमा नेपाली | स्थानिय आमा समुह सदस्य |
| ४. | रमेश मोचि | स्थानिय युवा पेल्काचौर |
| ५. | कर्मा मोचि | स्थानिय ब्यापारी |
| ६. | तेज बहादुर नेपाली | स्थानिय समाजसेवी |
| ७. | केर बहादुर नेपाली | स्थानिय कपडा ब्याबसायी |
| ८. | मिना मोचि | परिचर स्वास्थय चौकी |
| ९. | कमला मोचि | स्थानिय बासीन्दा |
| १०. | कौसीरी मोचि | स्थानिय समाजसेवी |

# अनूसूचि- चार

४. स्याङजा जिल्लाको नक्शा



# अनूसूचि– पांच

५. फोटोहरु तस्विर नं. १ – अध्ययन क्षेत्रको





गाउंको दृश्यहरु तस्बिर नं २ अध्ययन क्षेत्रका सार्की बासिन्दा





तस्विर नं. ३ - अध्ययन क्षेत्रका  सार्की बासिन्दा काममा जुट्दै



तस्विर नं. ४ - अध्ययन क्षेत्रमा रहेको  बिदयालय तथा स्वास्थ्य चौकी

